वर्ष : १४, अंक : २५, काठमाडौं, २०७५ असोज १९ गते शुक्रबार 5 October 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

# ओलीको 'मधेश प्रेम'ले पनि संविधान संशोधनमा सकस

## मधेशी दलबीचको फाटो पनि मुख्य कारण


प्रधानमन्त्री केपी शर्मा ओली


राजपा संयोजक महन्थ ठाकुर


फोरम अध्यक्ष उपेन्द्र यादव

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएको झण्डै सात महिना भएको छ । यस अवधिमा उनले मधेशको मागबमोजिम संविधान संशोधन गरिने बताउँदै आएका छन् । मधेशको भावना जित्न उनले संविधान संशोधनको पक्षमा वकालत गरे पनि सरकारले त्यसको लागि पहल गरेको छैन । पहिला उनले वाम गठबन्धन बनाएदेखि मधेशसँग सम्बन्ध सुधार गर्ने रणनीति बनाए भने प्रधानमन्त्री भएपछि त त्यसलाई झन् निरन्तरता दिए । फलस्वरूप, मधेशका दुई दल संघीय समाजवादी फोरम र राजपा नेपाल बाहिरबाटै ओली नेतृत्वको सरकारलाई समर्थन गरे भने अन्तत: फोरम सरकारमा पनि सहभागी भए ।

चुनावअघिसम्म ओलीसँग मधेशका यी दुई दललाई पानी बाराबारको सम्बन्ध थियो । तर चुनावमा वाम गठबन्धनले अप्रत्यासित जीत निकालेपछि ओली सम्बन्ध सुधारका नाममा दुबै मधेशी दललाई आफ्नो विश्वासमा लिन सफल भएका छन् । परिणामत: उनीहरू ओलीलाई समर्थन गरेका छन् ।

प्रधानमन्त्रीमा मात्र होइन, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र उपाध्यक्षमा समेत उनीहरूले समर्थन गरे । त्यो पनि विना कुनै सहमति, विना कुनै पदको लेनदेन ।

मधेशी दलहरू संविधान संशोधनको नाममा ओलीसँग नजिकिए पनि भित्रभित्रै उनीहरूको चासो र लोभ अर्कै छ । 'संशोधन कै लागि' भनेर फोरम सरकारमा गएपछि त्यस विषयमा अहिलेसम्म न त पहल गरेको छ न त बोलेकै छ । उता राजपाले समय समयमा घुर्कीको भाषा बोले पनि उसको भित्री चाहना भने अर्कै छ । उ पनि कुनै न कुनै रूपमा सरकारमा सहभागिता खोजिरहेको छ । तर ओलीले भाउ नदिनु र पार्टी भित्र पनि सरकारमा को जाने विषयमा तीव्र मतभेदले गर्दा राजपा ओलीलाई समर्थन दिएर पनि धम्कीको भाषा बोल्न बाध्य छ ।

प्रधानमन्त्री बने पछि पनि मधेशमा प्रधानमन्त्री ओलीप्रतिको सोचाइमा कुनै परिवर्तन नआएको भेउ मधेशी दलहरूले पत्ता लगाउन सकेको छैन । केन्द्रमा मधेशी नेताहरू प्रधानमन्त्री ओलीको जतिजति नजिक हुँदै गए पनि मधेशी जनता त्यसको औचित्य खोजिरहेका छन् । वस्तुत: ओलीप्रतिको आक्रोश इतिहासको एक अध्याय हो, जो कहिल्यै समाप्त हुन सक्दैन भन्ने फोरम र राजपाले बुझ्न नसक्नु उनीहरूको राजनीतिक अपरिपक्कता हो ।

प्रधानमन्त्री ओलीको विरोध मधेशमा मथ्थर भएको छैन भन्ने कुरा यसबाट पनि पुष्टि हुन्छ कि उनले मधेशवादी दललाई मिलाएपछि मधेशमा स्पेस पाइन्छ कि भन्ने बुझेको छैन ।

राजपा र फोरम नेपालको बुझाइमा फरक आए पनि ओलीप्रति समग्र मधेशको बुझाइमा कुनै फरक आएको छैन । अहिले पनि नेकपालाई हेर्ने दृष्टिकोणमा मधेशमा कुनै परिवर्तन आएको छैन ।

**संशोधनको सकस**

संविधान संशोधन नभएसम्म निर्वाचनमा सहभागी नहुने अडान राखेका फोरम र राजपा अहिले संशोधनको मुद्दामा कमजोर देखिएका छन् । स्थानीय, प्रनिनिधिसभा र प्रदेशसभा निर्वाचनको मुख्य एजेन्डा नै संविधान संशोधन बनाएका दुवै दल भने त्यसप्रति चासो देखाउन छाडेका हुन् । यसबाट संशोधनको एजेण्डा अलपत्र परेको त होइन भन्ने चासो बढेको छ । सरकारमा गएपछि फोरमले संशोधनको एजेन्डा बिर्सेको स्वयं फोरमका नेताहरू बताउँछन् । फोरम अध्यक्ष तथा उपप्रधानमन्त्री उपेन्द्र यादवले हालै जनकपुरधाममा हतारिएर संविधान संशोधन गर्न नहुने धारणा राखेपछि फोरम यो एजेन्डाबाट हटेको हो कि भन्ने अर्थ पनि लागेको छ ।

फोरम सरकारमा जाँदा सरकारसँग दुई बुँदे सम्झौता गरेको थियो । जसमा पहिलो बुँदामा संविधान संशोधनको एजेन्डा उठाइएको थियो । तर सरकारमा गएपछि भने संशोधनका एजेन्डालाई पार्टीका नेता तथा सरकारमा गएका मन्त्रीहरूले चासो राख्न छाडेका छन् ।

सरकारलाई समर्थन गरेको राजपाले पनि संशोधनको एजेन्डालाई प्राथमिकता साथ उठाउन छाडेको छ । राजपाका नेताहरूले संविधान संशोधनको कुरा गर्ने त गर्छन्, तर संशोधनको एजेन्डालाई लिएर सरकारलाई दबाब दिने या समर्थन फिर्ता लिने तयारीमा राजपाका नेताहरू छैनन् ।

गत हप्ता समाप्त भएको संसद्को हिउँदे अधिवेशनमा पनि संशोधनको एजेन्डाले प्राथमिकता पाएन । राजपा र फोरमबाट प्रतिनिधित्व गरेका प्रतिनिधिसभाका सांसदहरूले पनि संसदमा संविधान संशोधनको एजेन्डा उठाएनन् । उनीहरूले संशोधनको विषयलाई संसदमा प्राथमिकता नदिनु भनेको कहिँ त्यसबाट टाढिएको त होइन भन्ने आशंका पनि बढेको छ ।

## 'प्रधानमन्त्रीलाई ज्ञापन दिन्छौं'



सप्तरी । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता राजेन्द्र महतोले आगामी सोमबार प्रत्येक जिल्ला प्रशासन कार्यालय र सिधै प्रधानमन्त्री कार्यालयमा सरकारलाई यस सम्बन्धमा ज्ञापनपत्र दिइने जानकारी दिए । उनले दुई तिहाइको वर्तमान शक्तिशाली सरकारले नै संविधान संशोधन गर्न सक्ने बताएका छन् । उनले संविधान संशोधन, सांसद रेशम चौधरीको शपथ, 'झुटा मुद्दा लगाएर जेलमा राखिएका' आन्दोलनकारीको मुद्दा फिर्तालगायत विषयमा सरकार जिम्मेवार हुनुपर्ने तथा हत्या, हिंसा, बलात्कार, भ्रष्टाचारी, कालोबजारी र महँगी नियन्त्रणमा लाग्नुपर्ने बताए । महतोले बुधबार राजविराजमा पत्रकारसँग भेटघाट गर्दै मधेश आन्दोलनको भावना समेटेर संविधान संशोधन गर्नुपर्नेमा जोड दिए । उनले 'प्रदेश नम्बर २ सरकारको गतिविधि सन्तोषजनक नभए पनि' आन्दोलन र जनताको भावनाको सम्मान गर्न गठबन्धनलाई निरन्तरता दिनुपर्ने बताउँदै महतोले कमजोरी हटाई सङ्घीय समाजवादी फोरम नेपाल र राजपाको गठबन्धन बलियो बनाउन लागिएको जानकारी पनि दिए ।

## सरकार असफल भइसक्यो : यादव

राजविराज । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता राजकिशोर यादवले जनताको आकाँक्षा र भावनाअनुसार काम पूरा गर्न नसकेकाले पूर्णरूपमा सरकार असफल भइसकेको विचार व्यक्त गरेका छन् । राजपा नेपाल सप्तरीले राजविराजमा बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा उनले देशमा आर्थिक समृद्धिको लागि विकास निर्माण र मधेशको समस्या समाधान गर्न सरकारले सकेको छैन भने । मधेश आन्दोलनका क्रममा पक्राउ परेका कार्यकर्ताको रिहाइको माग गर्दै उनले मधेश आन्दोलनका क्रममा गठन गरिएको उच्चस्तरीय छानबिन समितिले सत्यतथ्य सार्वजनिक गर्नुपर्ने विचार राखे । अध्यक्ष यादवले राजपा नेपालले वर्तमान सरकारलाई जनताको विकास र अधिकारको लागि समर्थन दिएको बताउँदै संविधान संशोधन हुनुपर्ने जिकिर गरे ।

## सिमरामा लगानीकर्ताहरूको विशेष भेला

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले सिमरामा लगानीकर्ताहरूको विशेष भेला हुन गइरहेको जानकारी दिएका छन् । आज शुक्रबार प्रदेश सरकारले सिमरामा लगानीकर्ताको विशेष भेला हुन गइरहेको जनाएका हुन् । उनले प्रदेश २ मा लगानी वातावरण निर्माण गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताएका छन् । उनले उक्त भेलाबाट औद्योगिक विकासका लागि प्राप्त हुने सुझावलाई प्रदेश सरकारले व्यवहारमा उतार्ने प्रतिवद्धता जनाए । धनुषा चेम्वर अफ कमर्सको प्रथम कार्यसमितिको सपथग्रहण समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले उद्योगी व्यवसायीहरूको सहयोग र लगानीले मात्र प्रदेश समृद्ध हुने भएकाले लगानीकर्ताहरूको सुरक्षाका लागि लगानीमैत्री वातावरण बनाउन आफूहरू तयार रहेको बताए । उनले भने, 'तपाईहरूको सहयोग विना प्रदेशलाई समृद्ध बनाउनु सकिदैन, त्यसैले तपाई सहयोग गर्नुस्, उद्योगधन्धा यस प्रदेशमा शुरू गर्नु वातावरण हामी बनाउँछौ, तपाईको लगानीको सुरक्षा हामी दिन्छौ ।'

## मोर्चाले सरकारसँग माग्यो स्पष्ट धारणा

काठमाडौं । विद्रोही समूहहरूसँग सरकारले वार्ताका लागि गरेको पत्राचारको जवाफमा जनतान्त्रिक तराई मुक्ति मोर्चाले सरकारसँग पाँचबुँदे स्पष्ट धारणा माग गरेको छ । नेपाल सरकारको राजनीतिक वार्ता टोली २०७५ ले गत असोज ४ गते वार्ताका लागि मोर्चालाई पत्र पठाएको थियो । सो पत्रको जवाफ फर्काउँदै मोर्चाले विभिन्न प्रश्नहरू तेर्साएको छ । मोर्चाका अध्यक्ष डा. मनोज मुक्ति "विवेक"ले सरकारी राजनीतिक वार्ता टोलीको पत्रको व्यवहोरा, भावना र लक्ष्य निकै सकारात्मक रहेको भन्दै धन्यवादसमेत ज्ञापन गरेका छन् ।

उनले उल्लेख गरेका छन्, 'हामी वार्ता विरोधी होइनौं र हाम्रो मान्यता पनि रहिआएको छ कि वार्ता सम्वाद सहमति र सहकार्यकै माध्यमले राजनीतिक राजनीतिक निकास र समृद्ध नेपाल बनाउने तथ्य जगजाहेर छ ।' उनले सरकारले विगतमा गरेका सहमति र सम्झौताहरू कार्यान्वयन हुन नसकेकोले वार्ताको वातावरण तयार नभएको जिकिर गरेका छन् । विगतका सहमतिहरू कार्यान्वयन किन भएन भनेर प्रश्न पनि तेर्साएका छन् ।

उनले सरकारसँग माग गरेको पाँच बुँदे स्पष्ट धारणा आए ठोस, भरपर्दो र विश्वसनीय जवाफ प्राप्त भए तत्कालै तत्कालै वार्ता टोली गठन गरी औपचारिक वार्तामा बस्ने जानकारी दिएका छन् ।

## मन्त्रिपरिषद्मा द्रव्यपिचासहरू कुण्डली मारेर बसेका छन् : रामचन्द्र झा



अन्तर्वार्ता पृष्ठ ३ मा








## सम्पादकीय



### विवादको घेरामा निजगढ विमानस्थल

सर्वाधिक चासोको विषय बनेको प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको निर्माण सुरू नहुँदै विवाद र बहस बढेको छ। विमानस्थल आयोजना निर्माण प्रक्रिया अघि बढेसँगै यसमा विभिन्न बहससमेत सतहमा आएका छन्। विमानस्थल निर्माणमा लाखौं रूख कटान हुने भनेर वातावरणविद्ले चिन्ता व्यक्त गरेका छन् भने विकासवादीले मुलुक समृद्धिका लागि यो आयोजना अपरिहार्य भएको धारणा व्यक्त गरेका छन्। वन मन्त्रालयले आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) स्वीकृत गरी आवश्यक रूख काट्न पर्यटन मन्त्रालयले अनुमति मागेको छ।

बारा जिल्लाको पूर्वी उत्तर क्षेत्र अर्थात् राजमार्ग क्षेत्र दक्षिणमा लालबकैया नदीदेखि पश्चिम पसाहा क्षेत्रमा निजगढ विमानस्थल बन्नेछ। फास्ट ट्र्याकले महेन्द्र राजमार्ग भेट्ने स्थलभन्दा केही किमी दक्षिणमा बन्नेछ, निजगढ विमानस्थल। सरकारको प्राथमिकतामा परेको निजगढ विमानस्थल आयोजना क्षेत्रमा करिब १६ सय घर धुरीको बसोबास र घना चारकोसे झाडी छ। विमानस्थल निर्माण हुने क्षेत्रभित्र तीन बस्ती (काट गाउँ परैयाँ गाविस ८, टाँगिया वस्ती र मटियानी टोल) र बारा जिल्लाको प्रसिद्ध सहजनाथ महादेवको मन्दिर (गढीमाई नगरपालिका) पर्ने छ।

निजगढ विमानस्थलको चर्चा सुरू भएको २० बर्ष बितिसकेको छ। सरकारले विमानस्थलको खाँचोको महसुस गरेर २०५१ सालमै नेपालभरका आठ वटा वैकल्पिक क्षेत्रहरूको पूर्वसम्भाव्यता अध्ययन गर्दा बारा जिल्लाको त्यस क्षेत्रमा विमानस्थल बनाउन सबैभन्दा उपयुक्त हुने भनेर किटान गरिए पनि त्यसले खासै महत्व पाएको थिएन। तर, गणतन्त्र स्थापनापछि त्यसले थप चर्चा पायो र पछिल्लो चरणमा अघि बढाउने प्रयास भइरहेको छ। विमानस्थलको चार किल्ला क्षेत्र छुट्याइ ५०-५० मिटरमा कंक्रिटको पोलबाट सिमाना छुट्याउने कार्य सम्पन्न भइसकेको छ। चार किल्लाभित्रको निजी स्वामित्वमा रहेका घरजग्गा पहिचान भई अधिग्रहण गर्ने प्रक्रियामा रहेको भनिए कामको प्रगति खासै हुन सकेको छैन। जे भए पनि वर्तमान सरकारले त्यसलाई अघि बढाउने निश्चित रहेको बताइन्छ। कुनै पनि आयोजनाका लागि कटान हुने रूखको क्षतिपूर्ति गर्न प्रत्येक एक रूख बराबर २५ नयाँ रूख रोप्नुपर्ने कानुनी प्रावधान छ। वृक्षरोपणको सुनिश्चिततासँगै तत्काल आवश्यक रूख कटान हुने सरकारले जनाएको छ। विकास गर्दा विवादरहित तरिकाले गर्नुपर्छ। तत्कालको आवश्यक्ता अनुसारमात्र रूख काट्नु उपयुक्त हुन्छ।

**वन विनाश र वातावरणीय असरको रडाको मचाएर निजगढ विमानस्थलको विकल्प खोज्ने होइन कमभन्दा कम वातावरणीय क्षतिमा यसको निर्माण समयमै सम्पन्न गर्नु आम नगारिकको हितमा हुनेछ।**

आयोजना क्षेत्रमा तथा त्यसको वरपर जम्मा २३ विभिन्न प्रजातिका स्तनधारी प्राणी र करीब ५ सय प्रजातिका चरा पाइन्छन्। आयोजना क्षेत्रमा पर्ने टाँगिया, मतियानी र काठघाट बस्तीमा जम्मा एक हजार ६१० घरधुरीको बसोबास छ। आयोजना क्षेत्रमा पाँच लाख ८५ हजार ४९९ वटा रूख र १८ लाख ६४ हजार ८२० वटा पोल आकारका वनस्पति छन्। यस विमानस्थलको पूर्वसम्भाव्यता अध्ययन सन् १९९५ मा गरिएको थियो। धेरै सम्भाव्यस्थानको अध्ययन गरिएकामा बारामा अवस्थित यो क्षेत्र सबैभन्दा उपयुक्त पाइएको हो।

विकासका लागि पूर्वाधार निर्माणमा वातावरणीय मुद्दा आउनु स्वाभिक नै हो। विश्व वातावरण संरक्षणबाट कोहि पनि पन्छिन सक्दैन तर यस्तै किसिमका पूर्वाधार निर्माणमा यतिकै संख्यामा रूख कटानी गरी संरचना निर्माण गरेका धेरै उदाहरणहरू रहेका छन्। जसमध्ये टर्कीको इस्तानबुल विमानस्थल एउटा नमुना हो। उक्त विमानस्थल निर्माण गर्दा पनि वातावरणविदहरूले यस्तै किसिमको आवाज बाहिर ल्याएका थिए। इस्थानबुल विमानस्थलको क्षेत्रफल निजगढ विमानस्थलको भन्दा केही सय मात्र कम छ। उक्त विमानस्थलको क्षेत्रफल ७ हजार ६ सय पचास हेक्टर रहेको छ। जसमध्ये ६ हजार १ सय ७२ वन क्षेत्र रहेको थियो। जसमा साना ठूला गरेर २५ लाख १३ हजार ३४१ रूखहरू रहेका थिए। जसमध्ये कटानी नगरी नहुने ६ लाख ५७ हजार रूख काटिएको थियो। जसको बदलामा झण्डै १८ लाख रूखहरू रोपिएको थियो। निजगढ विमानस्थल पनि यसै गरी निर्माण गर्न सकिन्छ।

पूर्वाधार विकाससँगै वातावरणको विनाशको चिन्ता लिनु स्वाभाविकै हो। तर विकास बिना वातावरण संरक्षणको मन्त्रले मात्र केहि पुऱ्याउँदैन। आज विकसित भनिएका मुलुकले वातावरण संरक्षण मात्र हेरेको भए त्यो अवस्थाको विकासमा पुग्दैन थिए होला। कार्बन डाइअक्साइड र क्लोरोफ्लोरो कार्बनको उत्सर्जन र तिनले वातावरणमा निम्त्याउने समस्या अल्पविकसित देशभन्दा विकसित देशकै हिस्सा बढी छ। राष्ट्रिय गौरवको आयोजना दोस्रो विमानस्थल निर्माण अगाडी बढ्दै गर्दा ठूलै वातावरणीय विनाश हुने भन्दै कोकोहोलो मचाउनेहरूलाई प्रश्न छ नेपालको कूल ४३ प्रतिशत भू-भाग वनजंगलले ढाकिँदा पनि हाम्रा चाँदी जस्ता हिमालहरू किन पगल्दै छन्? तापक्रम दैनिक किन बढ्दै छ? अत: पर्याप्त पूर्वाधार विकासले मात्र देशलाई आर्थिक समृद्धि तर्फ डोऱ्याउँछ। समृद्धिले मात्र दिगो विकासलाई संरक्षण गर्न सक्छ। वन विनाश र वातावरणीय असरको रडाको मच्याएर निजगढ विमानस्थलको विकल्प खोज्ने होइन कमभन्दा कम वातवरणीय क्षतिमा यसको निर्माण समयमै सम्पन्न गर्नु आम नगारिकको हितमा हुनेछ।

## सातको सात बात



भारतीय स्वतन्त्रता संग्रामको नेतृत्व गर्नुभएका महात्मा गान्धीका विचार अहिले पनि उत्तिकै सान्दर्भिक रहेको छ। गान्धीले आत्मसात गरेको अहिंसात्मक आन्दोलन विश्वका धेरै मुलुकका लागि प्रेरणाका स्रोत भएको छ। **शेरबहादुर देउवा, सभापति, नेपाली कांग्रेस**



पार्टीभित्र पार्टी कमिटीमा बसेर छलफल गर्नुपर्ने आवश्यकता छ। पार्टी एकीकरणपछिको अहिलेसम्मको अवस्थाको समीक्षा गर्नुपर्ने पनि छ। पार्टीभित्र अन्य खासै त्यस्तो विववाद त छैन। आफ्नो व्यक्तिगत अनुकुलता हेरेर पार्टीको आलोचना गर्नु ठिक होईन। **झलनाथ खनाल, नेता, नेपाल कम्युनिष्ट पार्टी**



संविधान संशोधनको लागि हामीले सरकारलाई समर्थन दिएका हौं तर अहिलेसम्म संशोधन हुन सकेको छैन। अपराधीलाई दण्ड दिलाउन, भ्रष्टाचार हटाउन र संविधान संशोधनको लागि दबाब बढाउन चेतावनीसहित प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउ लागेका हौं। **राजेन्द्र महतो, नेता, राष्ट्रिय जनता पार्टी नेपाल**



भ्रष्टाचार, गुण्डागर्दी र अपराध नियन्त्रणमा सरकारले प्राथमिकताका साथ काम गरिरहेको छ सरकार चुप लागेको बसेको छैन। अपराधीलाई कानुनी कठघरामा ल्याउन गृह मन्त्रालय गम्भीरताका साथ अगाडि बढिरहेको छ। **रामबहादुर थापा, गृहमन्त्री**



मेरो चीन भ्रमणका क्रममा विशिष्ट व्यक्तिहरूसँग गण्डकी प्रदेशमा लगानीको प्राथमिकताहरू पर्यटन, कृषि र उर्जा सम्बन्धमा छलफल भयो। केन्द्र सरकारसँग सहकार्य गरेर प्रदेशको तव्र विकासका लागि अब काम गर्नुपर्छ। **पृथ्वी सुब्बा गुरूङ, मुख्यमन्त्री, गण्डकी प्रदेश**



संघीय सरकारले मुस्लिम समुदायलाई विदेशी नागरिकलाई भन्दापनि तल्लो व्यवहार गर्ने गरेको छ। खस जाति वा समुदायले मात्र राज्यको हरेक सेवा सुविधा उपभोग गरिरहेका छन्। मद्रशा शिक्षाले मान्यता नपाउँदा मुस्लिम समुदाय शिक्षाबाट बन्चित हुँदै आएका छन्। **लालबाबु राउत, मुख्यमन्त्री, प्रदेश २**



केन्द्रीय सरकारले कर्मचारी पठाउन र संरचना हस्तान्तरणमा ढिलाई गरेकाले हामीले नै कर्मचारी राख्ने तथा संयन्त्र निर्माण गरेर अगाडि बढ्ने प्रयास गरेका थियौं। त्यसमा पनि संघीय सरकारले रोक्न लगायो। समस्या प्रदेश सरकारको होईन, केन्द्रीय सरकारको साँघुरो मानसिकता हो। **शेरधन राई, मुख्यमन्त्री, प्रदेश १**

# प्रदेश २ का आर्थिक आधारहरू



**रामसुकुल मण्डल**

**प्रदेश नं २ अन्तर्गतका जिल्लाको मानव विकास सूचकाँकसमेत गिर्दो अवस्थामा रहेका छन्। यस्तो अवस्थामा देखिएको राजनीतिक अस्थिरताले त झन् २ नं प्रदेशको अर्थतन्त्रको अवस्था संकटग्रस्त हुने प्राय: निश्चित छ।**

प्रदेश नम्बर २ सप्तरीदेखि पर्सासम्म ८ जिल्लामा फैलिएको छ। यस प्रदेशको आर्थिक स्रोत भनेकै कृषि र उद्योग हो। तर प्रदेशको यो आर्थिक स्रोतको समूचित विकास हुन सकेको छैन।

प्रदेश २ को विकासका निम्ति सबैभन्दा ठूलो सम्भावना भएको कृषिलाई आधार बनाउन सके यो प्रदेशले चाँडै विकासको फड्को मार्न सक्छ। भारतका पञ्जाब र हरियाणाजस्ता राज्यको मोडलमा यहाँको कृषिलाई विकसित गर्न सकियो भने यो प्रदेश देशकै अन्न भण्डार बन्न सक्छ। तर, सिँचाइ अभाव, प्राविधिक ज्ञान र सीपको कमीलगायत समस्याले हाल यस प्रदेशभित्रका अधिकांश खेतीयोग्य जग्गा अनुत्पादक बन्दै गएको छ।

विगत डेढ दशकको अवस्थालाई विश्लेषण गरेर हेर्ने हो भने प्रदेश नं २ अन्तर्गतका सबै जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दथे। तर पछिल्लो समयमा यो प्रदेशअन्तर्गतका आठ जिल्लामध्ये तीन जिल्ला मध्यम समृद्धि स्तर र तीन जिल्ला न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा परेका छन्। महोत्तरी र सर्लाही मात्र उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा छ।

यसो हुनुका प्रमुख कारण राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाज सहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न नसक्नु र भ्रष्टाचार र अनियमितता मौलाउनु रहेको छ।

गत पुसमा राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको नेपाल बहुआयामिक गरिबी सूचकांक, २०७४ अनुसार प्रदेश २ को ५० प्रतिशत जनसंख्या अझै बहुआयामिक रूपमा गरिब छन्। उनीहरूको जीवन धेरै प्रकारका वञ्चितीकरणबाट प्रभावित भइरहेको छ। सो सूचकांकले राष्ट्रिय रूपमा भने २८ दशमलव ६ प्रतिशत नेपालीलाई बहुआयामिक रूपमा गरिब देखाएको छ।

प्रतिव्यक्ति वार्षिक आय, वयस्क साक्षरता दर, मानव विकास सूचकांकलगायत क्षेत्रमा पनि प्रदेश २ को अवस्था दयनीय नै देखिएको छ। मानव विकास सूचकांकतर्फ राष्ट्रिय औषत शून्य दशमलव ४९० को तुलनामा प्रदेश २ का ८ जिल्लामध्ये पर्सा सबैभन्दा बढी (०.४६४) र रौतहट सबैभन्दा कम (०.३८६) छन्।

राष्ट्रिय योजना आयोग र केन्द्रीय तथ्यांक विभागका अनुसार हाल नेपालको औषत वयस्क साक्षरता दर ५९ दशमलव ५७ प्रतिशत छ। प्रदेश २ का ८ जिल्लामध्ये सबैभन्दा बढी वयस्क साक्षरता दर पर्सा (४८.६९) मा छ भने सबैभन्दा कम रौतहट (३३.८९) मा छ। त्यस्तै सो प्रतिवेदनले वार्षिक प्रतिव्यक्ति आम्दानीतर्फ पनि राष्ट्रिय औषतको तुलनामा प्रदेश २ का २ जिल्ला बारा र पर्साबाहेक अन्यको अवस्था दयनीय नै देखाएको छ।

बर्सेनि प्राकृतिक विपत्को मार पनि सबैभन्दा बढी प्रदेश २ अन्तर्गतका जिल्लाले बेहोर्दै आएका छन्। चुरेको तल्लो छेउमा भएका कारण खासगरी वर्षायाममा बाढीले यस भेगका जिल्ला डुबानमा पर्दै आएका छन्। बाढीले बर्सेन कृषिलगायत क्षेत्रमा करौडों रूपैयाँबराबरको क्षति पुऱ्याउँदै आएको छ। चुरे क्षेत्र दिन प्रतिदिन नांगिदै गएको छ। त्यसको प्रतिकूल असर झेल्ने पहिलो क्षेत्र प्रदेश २ नै हो।

जनजीविका उकास्ने खालका मुद्दातर्फ अब प्रदेशले चाँडै ध्यान दिनुपर्छ। किनभने संघीयताको मूल मर्म भनेकै मुलुकको समग्र विकास गर्नु हो। पछाडि परेको क्षेत्र, वर्ग, समुदाय सबैलाई विकासको मूलधारमा ल्याउन सक्नु हो।

राजनीति व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन नसक्नाका कारण नै यो प्रदेशको आर्थिक विकास र समृद्धि झन् ओरालो लाग्दै गएको हो। राजनीतिको सम्बन्ध जनताको जीवनस्तर, आर्थिक उन्नति र प्रगतिसँग नरहेकाले नै प्रदेश २ को आर्थिक विकास र समृद्धि ओरालो लाग्दो अवस्थामा पुगेको निष्कर्ष निकाल्न सकिन्छ।

केन्द्रीय तथ्याँक विभागका अनुसार २१ प्रतिशतभन्दा कम गरिबीको दर भएका जिल्ला उच्च समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्दछन् भने ३१ प्रतिशतभन्दा बढी गरिबीको दर भएका जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लामा पर्दछन्। यसअनुसार, सप्तरी ३९.५, सिरहा ३४.६, धनुषा २३.१, महोत्तरी १६.२, सर्लाही १७.७, रौतहट ३३.४, बारा २९.९ र पर्सा २९.२ प्रतिशत गरिबीको दर भएको जिल्लामा पर्दछन्। विभागको नेपालमा गरिबीको लघु क्षेत्र अनुमान प्रतिवेदनले राजनीतिले मात्र मुलुकको आर्थिक तथा सामाजिक विकासलाई डोऱ्याउन नसक्ने देखाएको छ। सो प्रतिवेदनले २०५८ सालमा तराईका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा उच्च समृद्धि स्तर भएको जिल्लामा परेको देखाएको छ। तर विकेन्द्रीकृत शासन प्रणालीको अवधारणालाई प्रभावकारी रूपमा व्यवहारमा लागू गर्न नसक्नु र कुनै विशेष जातिको मात्र राज्य संयन्त्रमा बढी वर्चस्व रहनु र राज्यको स्रोतमा पनि उनीहरूकै हालीमुहाली कायम रहनाले विस्तारै यी जिल्ला मध्यम र न्यून समृद्धि स्तर भएका जिल्लाको श्रेणीमा पर्न गएको हो।

यसका साथै राज्यबाट सामाजिक, आर्थिक र राजनीतिक रूपमा भएको विभेद तथा सामाजिक न्याय र समतामूलक समावेशी आर्थिक विकासका लागि भएको लामो मधेश आन्दोलनका कारण पनि यो प्रदेशमा गरिबी र बेरोजगारी दर बढाएको छ। झण्डै ६ महिनाको निरन्तर मधेश बन्द र पाँच महिनाको नाका अवरोधका कारण यो प्रदेशमा गरिबीको संख्यामा अझ वृद्धि भएको हुनसक्ने अनुमान गरिएको छ।

यसका साथै तत्कालीन अवस्थामा माओवादी र मधेशमा आन्दोलनरत सशस्त्र समूहले चन्दा आंतक सृजना गरेपछि स्थानीय धनाढ्य त्यहाँबाट विस्थापित हुन बाध्य भए। चन्दा आतंक एवम् सम्पत्तिको सुरक्षा नहुनुजस्ता कारणले स्थानीय व्यापारी र धनाढ्य वर्ग नजिकको बजारतिर सरेर व्यापार व्यवसाय गर्न थाले। यसबाट मधेशका बजार विस्तारै संकुचित हुँदै गए, सम्पन्न एवम् मध्यमवर्गको बसाइँसराइले औसत समाज झन् गरिब हुँदै गयो। र अनतत: मधेशका जनताको जीवनस्तर बढ्नुको साटो झन् ओरालो लाग्न थाल्यो।

राजनीतिक अस्थिरता र सुरक्षाको कमीले बजार सर्नु र आर्थिक गतिविधि घट्दै जानुको असर समग्र मधेशमै परेको देखिन्छ। डेढ दशकयता उच्च समृद्धि स्तर भएका जिल्लाबाट सिरहा र रौतहट न्यून समृद्धिस्तर तथा धनुषा मध्यम समृद्धिस्तर भएका जिल्लाको श्रेणीमा झरेको छ।

प्रदेश नं २ अन्तर्गतका जिल्लाको मानव विकास सूचकाँकसमेत गिर्दो अवस्थामा रहेका छन्। यस्तो अवस्थामा देखिएको राजनीतिक अस्थिरताले त झन् २ नं प्रदेशको अर्थतन्त्रको अवस्था संकटग्रस्त हुने प्राय: निश्चित छ।

किनभने आर्थिक रूपान्तरणको अनुभूति गराउन नसक्नु र जनताको जीवनस्तर बढाउन नसक्नुमा आर्थिक मुद्दामा राजनीतिक दलले आँखा चिम्लने प्रवृत्ति नै बढी जिम्मेवार देखिन्छ। राजनीतिक र आर्थिक मुद्दासँगै जानुपर्नेमा राजनीतिक दल विकासभन्दा राजनीतिमा नै बढी केन्द्रित भएकाले पनि जनताको जीवनस्तर बढ्न नसकेकै हो। हुन त नेपाललाई अतिकम विकसित मुलुकबाट सन् २०२२ सम्ममा विकासशील मुलुकको सूचीमा स्तरोन्नति गर्ने लक्ष्य सरकारको छ। तर झण्डै एक चौथाइ जनता गरिबीको रेखामुनि बसोबास गरिरहेको, पूर्वाधार विकास अत्यन्त न्यून रहेको, मुलुकको समग्र कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को आकार सानो रहेको र त्यसमा पनि आर्थिक वृद्धि दर अत्यन्त कमजोर रहेको अवस्थामा सरकारले लिएको सो लक्ष्य अत्यन्त महत्वाकांक्षी रहेको बुझाइ धेरैको छ। उक्त लक्ष्य पूरा गर्नका लागि भए पनि प्रदेश २ को आर्थिक विकास र समृद्धि गर्नुपर्ने आवश्यक छ। यसका लागि गरिब, विपन्न र आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्ग एवं समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याई उनीहरूलाई राज्यको उत्पादनशील स्रोतसाधन माथि पहुँच पुऱ्याउन जरूरी देखिएको छ।

# निजगढ विमानस्थल निर्माणमा सरकारी तदारूकता

- भीष्मराज ओझा

पछिल्लो समय सर्वाधिक चासोको विषय बनेको प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माणमा सरकारी तदारूकता बढेको छ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माण प्रक्रिया अघि बढेसँगै यसमा विभिन्न बहससमेत सतहमा आएका छन्। वातावरणपविद्ले लाखौं रूख कटान हुने भनेर चिन्ता व्यक्त गरेका छन् भने विकासवादीले मुलुक समृद्धिका लागि यो आयोजना अपरिहार्य भएको धारणा व्यक्त गरेका छन्। आयोजना निर्माण प्रक्रिया अघि बढाउन वन तथा वातावरण मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच गम्भीर छलफल भइरहेको दुवै मन्त्रालयले जनाएका छन्।

वन मन्त्रालयका प्रवक्ता डा सिन्धुप्रसाद ढुङ्गाना आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृत भइसकेको जानकारी गराउँदै इआइए स्वीकृतिपछि तत्काल आवश्यक रूख काट्न पर्यटन मन्त्रालयले अनुमति मागेको र त्यस बारेमा छलफल भइरहेको जानकारी दिनुभयो।

**वृक्षरोपणको सुनिश्चिततापछि मात्र रूख काटिने**

रूख कटान अघि क्षतिपूर्तिका लागि वृक्षरोपण गर्ने स्थान र योजनाका बारेमा निश्चित गर्न दुवै मन्त्रालयबीच सहमति भइसकेको छ। कुनै पनि आयोजनाका लागि कटान हुने रूखको क्षतिपूर्ति गर्न प्रत्येक एक रूख बराबर २५ नयाँ रूख रोप्नुपर्ने कानूनी प्रावधान छ। वृक्षरोपणको सुनिश्चिततासँगै तत्काल आवश्यक रूख कटान हुने उहाँले बताउनुभयो। "विकास गर्दा विवादरहित तरिकाले गर्नुपर्छ, तत्कालको आवश्यकताअनुसार मात्र रूख काट्नु उपयुक्त हुन्छ, हाम्रो चिन्ता वातावरणीय विषयमा मात्रै हो", प्रवक्ता ढुङ्गानाले भन्नुभयो। नेपाललाई अन्तर्राष्ट्रिय रूपमा सिधा हवाई सम्पर्कमा जोड्ने हाल एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल छ। हाल हवाई चाप बढेर हवाईजहाज धेरै समयसम्म हावामा नै चक्कर लगाउनुपर्दा समस्या परेको छ। तसर्थ सरकारले अर्को अन्तर्राष्ट्रिय विमानस्थल बनाउन तदारूकता देखाएको हो।

आयोजनाले ओगट्ने कूल क्षेत्रफलका सबै रूख कटान हुने भन्ने चासोका सम्बन्धमा पर्यटन मन्त्रालयका सहसचिव सुरेश आचार्यले विमानस्थलले आगट्ने सबै क्षेत्रका रूख कटान नहुने स्पष्ट पार्नुभयो। दीर्घकालीन सोचअनुसार हालको क्षेत्रफल निर्धारण गरिएको हो। उडान र अवतरणका साथै हवाई सुरक्षाका लागि त्यो क्षेत्रफल आवश्यक पर्छ। आयोजना निर्माण शुरू नहुँदै रूख कटान हुन थाल्यो भन्ने सवालमा उहाँले भन्नुभयो, "स्वीकृति हुनासाथ तत्काल वन कटान गरिहाल्ने होइन, त्यसको खाका लिएर अन्य योजना अघि बढाउने हो।" सहसचिव आचार्यले भन्नुभयो, "आजको युगमा विमानस्थल विमानस्थल मात्र भएन यससँग अन्य विषय पनि जोडिएका हुन्छन्। त्यससँग जोडिने व्यापार, विमानस्थल 'हब' भनेका छौं, त्यहाँ यात्रु, व्यापारी तथा अन्य कर्मचारीलाई पनि आवश्यक सुविधा र उपयुक्त स्थान चाहियो, त्यसका लागि पनि ठूलो क्षेत्रफल आवश्यक पर्छ।"

**विमान प्रवेश विन्दुको स्वीकृतिका लागि परामर्श**

आयोजना स्थलमा रहेको वस्ती व्यवस्थापनका लागि विभिन्न विकल्पमा छलफल भइरहेको बताउँदै उहाँले दुवै मन्त्रालयबीचका संयन्त्रले छलफल गरी काम अघि बढाइरहेको जानकारी दिनुभयो। विमानस्थलका लागि आवश्यक पर्ने विमान प्रवेश विन्दुका सम्बन्धमा पनि भारतसँग आवश्यक परामर्श भइरहेको बताउँदै सहसचिव आचार्यले विमानस्थल निर्माण लगानीका लागि भने सार्वजनिक निजी साझेदारी (बुट) मोडलमा छलफल अघि बढेको अवगत गराउनुभयो।

प्रस्तावित विमानस्थलले ओगटेको जम्मा क्षेत्रफल आठ हजार ४५ हेक्टर छ। प्रस्तावित क्षेत्रलाई सरकारले विमानस्थल निर्माणस्थल भनी घोषणा गरिसकेको छ। विमानस्थलको वातावरणीय प्रभाव मूल्याङ्कनअनुसार एक हजार ९०० हेक्टरमा मात्र आधारभूत संरचना निर्माण हुनेछ। यो आयोजना औसत उचाइ समुद्री सतहबाट ७० देखि ३०० मिटरमा रहेको तराईको भू-भागमा पर्दछ। विमानस्थल निर्माण क्षेत्रमा अवस्थित जङ्गल सालको वन, कडा काठको वन र खयर सिसौको वनमा वर्गीकरण गरिएको छ। आयोजना क्षेत्रमा तथा त्यसको वरपर जम्मा २३ विभिन्न प्रजातिका स्तनधारी प्राणी र करीब ५०० प्रजातिका चरा पाइन्छन्। आयोजना क्षेत्रमा पर्ने टाङ्गिया, मतियानी र काठघाट बस्तीमा जम्मा एक हजार ६१० घरधुरीको बसोबास छ। आयोजना क्षेत्रमा पाँच लाख ८५ हजार ४९९ वटा रूख र १८ लाख ६४ हजार ८२० वटा पोल आकारका वनस्पति छन्। यस विमानस्थलको पूर्वसम्भाव्यता अध्ययन सन् १९९५ मा गरिएको थियो। धेरै सम्भाव्यस्थानको अध्ययन गरिएकामा बारामा अवस्थित यो क्षेत्र सबैभन्दा उपयुक्त पाइएको हो।

**आयोजनाको डिएफएस तयार**

आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन (डिएफएस) तयार भइसकेको र त्यसको पुन: अध्ययनसमेत पूरा भएको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। नागरिक उड्डयन प्राधिकरणका निर्देशक प्रदीप अधिकारीले विमानस्थलका लागि हालसम्म वातावरणीय प्रभाव मूल्याङ्कन(इआए) स्वीकृत, 'साइट' क्षेत्र खाली गराउने, सामाजिक प्रभाव मूल्याङ्कन स्वीकृत, बस्ती व्यवस्थापन प्रक्रिया, विस्तृत सम्भाव्यता अध्ययन (डिएफएस), काम सम्पन्न भइसकेको जानकारी दिनुभयो।

यस्तै राष्ट्रियसभा राष्ट्रिय सरोकार तथा समन्वय समितिले पनि निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिएको छ। समितिको सोमबार बसेको बैठकले पछिल्लो समय सर्वाधिक चासोको विषय बनेको निजगढ विमानस्थलको सन्दर्भमा जनस्तरबाट आएको चासो र सरोकारका विषयमा सम्बन्धित परियोजना र मन्त्रालयबाट सही तथ्य र सत्यलाई प्रस्ट पार्दै निर्माणमा ढिलो नगर्न निर्देशन दिएको हो। प्रस्तावित निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना प्रदेश नं २ को बाराको निजगढमा अवस्थित छ। यस विमानस्थलको निर्माणको प्रथम प्रस्तावमा अन्तर्राष्ट्रिय नागरिक प्राधिकरणको मापदण्डअनुसारको धावन मार्ग, ट्याक्सी मार्ग, टर्मिनल र एप्रोनलगायतका आवश्यक परिवहन तथा सञ्चार सुविधा भएको अन्तर्राष्ट्रिय विमानस्थल रहनेछ। दोस्रो प्रस्तावमा आधुनिक यातायात सुविधा, समानान्तर धावन मार्ग, ट्याक्सी मार्ग, एअरलाइन्स सेटअप, हयाङ्गर, सञ्चार, खानेपानी आपूर्ति, ढल व्यवस्थापन र अन्तर्राष्ट्रिय विमानस्थल नजीकै सुविधा होटल लज सहितको विमानस्थल शहरको विकास रहेको छ।

विमानस्थल सबै हिसाबले उपयुक्त छ, वरपर पहाड नभएको, टाढा दूरीमा पनि राम्रोसँग देख्न सकिने अर्थात शून्य 'भिजिबिलिटी'मा विमान उडान तथा अवतरण गर्न सकिने, राजधानी नजीक राजमार्गसँगै जोडिएको गन्तव्य, धावनमार्गका लागि कम खर्चिलोलगायत तर्कले यो सबैभन्दा उपयुक्तस्थल भएको दुवै मन्त्रालयको बुझाइ छ। रासस

# मन्त्रिपरिषद्मा द्रव्यपिचासहरू कुण्डली मारेर बसेका छन्

**मधेशको मुद्दा संविधान संशोधन, मधेशमा उठिरहेका विखण्डनका कुराहरू, असन्तोषहरू, भ्रष्टाचारहरू, ढिलासुस्ती, विकास निर्माणमा गतिहीनताका विषयहरू जसरी देशमा छन् त्यहीं अनुपातमा मधेशमा पनि छन्। मधेशमा झन् अधोगतितिर छन् यस्ता विषयहरू।**



## रामचन्द्र झा

**केन्द्रीय कमिटी सदस्य**
**नेपाल कम्युनिष्ट पार्टी**

**○ पार्टीको एक पक्षबाट सरकार र समग्र पार्टीकै चर्को आलोचना भइरहेको छ। यसलाई कसरी लिनुहुन्छ ?**

– दुई तिहाई समर्थनको सरकार छ, त्यस हिसावले जनताको अपेक्षा अलि बढी नै छ। त्यसअनुसार सरकारको गति अलि सुस्त भएकाले पनि आलोचना हुनु स्वाभाविक छ। जनताले सकारात्मक अनुभूति गर्न सकेका छैनन् भन्ने कुरा सार्वजनिक आलोचनाको विषय हो। सरकारसँग जुन अनुपातमा अपेक्षा छ, त्यो अनुपातमा काम हुन सकेको छैन। यस्ता आलोचनाहरू पार्टीभित्र पनि छन्।

**○ पार्टी र सरकारलाई आलोचना नै हुने गरी वातावरण कसरी तयार भएको हो ?**

– हेर्नुस्, कुनै पनि सरकार होस्, खाली स्तुति गान गरेर हुँदैन। त्यसलाई राम्रो बाटोमा हिंडाउन वा आफ्नो गति बढाउन, राम्रा कामहरूको प्रशंसा गर्दागर्दै पनि नराम्रो कामहरूको आलोचना र निन्दा पनि गर्नुपर्छ र निन्दा पनि सुन्न सक्नु पर्दछ। सकारात्मक ढंगले गरिएको निन्दाको आधारलाई आत्मसात गर्दै त्यसलाई सच्याउने प्रयास गर्नुपर्दछ।

**○ सरकार सञ्चालनमा केपी ओली र पार्टी सञ्चालानमा ओली र प्रचन्डबीच साँठगाँठ रहेको कुरा कति सत्य हो ?**

– साँठगाँठभन्दा पनि दुवै जना अध्यक्ष नै छन्, दुवै जना पार्टी चलाएका हुन। यसमा कुनै आश्चर्यको कुरो पनि होइन। किनभने पदीय हिसावले पनि दुईजना अध्यक्ष हुँदा दुवै जनामा सल्लाह, समझदारी भएन भने त्यो त नराम्रो मान्न सकिन्छ। त्यसैले दुवै जनामा समझदारी हुनु सकारात्मक नै हो। दुई जना मात्र होइन, अरू पनि पार्टीका नेताहरू छन्, तिनीहरूबीच पनि समन्वय र समझदारीअनुसार सरकार र पार्टी अगाडि बढ्नुपर्छ।

**○ तर, माधव नेपाल र उनको समूहले किन ओली र प्रचण्डप्रति आक्रोश जनाएका हुन् ?**

– खासगरी पछिल्लो कार्य विभाजन, प्रदेश समितिहरूको जिम्मेवारी बाँडफाँड गरिएको छ त्यसमा चित्तबुझ्दो कुरो भएको छैन। स्थायी कमिटीको निर्माणमा पनि चित्तबुझ्दो कुरो भएको छैन। विधानका कुराहरू उल्लंघन भएका छन्। विधानको धारा ३४ को २ ले कुनै व्यक्ति स्थायी समितिका लागि योग्यताको हिसावले एक कार्यकाल पोलिटब्युरोमा रहेर काम गरेको हुनुपर्छ। पोलिटब्युरोको योग्यता एक कार्यकाल केन्द्रीय समिति भएर काम गर्नुपर्छ। कतिपय व्यक्तिहरू छन्, जो एक कार्यकाल पनि पोलिटव्युरो सदस्यमा निर्वाचित भएका छैन, त्यसलाई सिधै स्थायी समितिमा राखिएको छ। ती विषयहरू र जसरी योग्यता र क्षमताअनुसार कार्य विभाजन गर्नुपर्दथ्यो त्यो अनुसार भएको छैन। योग्यता र क्षमताभन्दा पनि आफ्ना मान्छे, नजिकका मान्छे, आफूले रूचाएका मान्छेलाई प्राथमिकता दिँदा पार्टीभित्र समस्याहरू उत्पन्न भएको हो। अर्को कुरा सरकारको पर्फरमेन्स राम्रो भएन भन्ने गुनासो छ। यदि मुलुकलाई समृद्धिको दिशामा अगाडि बढाउने हो भने सबभन्दा पहिले भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्दछ। त्यसको जरो भनेको ठेक्कापट्टा, विकास निर्माणमा रहेका कामहरूमा भएको अनियमिततालाई तत्काल नियन्त्रण गर्नुपर्दछ। सार्वजनिक ऐन खरिद अनुसार अहिले ठेक्का लाग्ने गरेको छ। अहिले पप्पु कन्स्ट्रक्सनको बारेमा व्यापक चर्चा छ। के कारण हो कि देशभरिका ठेक्कापट्टा उसैलाई परिरहेको छ ? तीन वर्षमा काम हुनुपर्नेमा सात वर्षसम्म पनि हुँदैन। यसरी सार्वजनिक खरिद ऐन थुप्रै र अन्य विषयहरू छन्, जसलाई संशोधन गरेर ठेक्कापट्टाका विषयमा अलि तदारूकता राख्नुपर्छ। फलानो काम भएन भनेर कुराहरू मात्र उठिरहेका छन्, त्यसको कारण के हो ? यस्ता कारणहरूले गर्दा पनि सरकारको आलोचना हुने गरेको छ।

यस्तै, अहिले मुलुकमा विभिन्न ठाउँमा बलात्कारका घटनाहरू भइरहेका छन्। यस्ता हत्या हिंसाका घटनालाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने तर्फ पनि सरकारको ध्यान जान जरूरी छ। ऐन कानूनमा केही त्रुटि छ भने त्यसलाई सच्याउने, प्रहरी प्रशासनहरूको तटस्थताको बारेमा या क्रियाशीलताको बारेमा कामहरू नभइरहेको कारणले गर्दा पनि एक हिसावले निन्दाको पात्र बनिरहेको छ। समाजवादको आधार तयार गर्ने भनेर भनिएको छ तर मन्त्रिपरिषद्मा रहेका व्यक्तिहरूको सम्पत्ति सार्वजनिक हुँदा अर्बौंअर्बका सम्पत्ति छन्। समाजवादको अर्थ के हो ? भूमि र पूँजीलाई सामूहीकरण गर्ने प्रसंगबाट समाजवादको सुरूवात हुन्छ।

जुन मन्त्रिपरिषद्मा द्रव्यपिचासहरू बसेका छन् कुण्डली मारेर, प्रधानमन्त्री आफै त्यति त्याग तपस्या गरेका व्यक्ति हुँदाहुँदै पनि त्यस्ता व्यक्तिहरूलाई सामेल गराएर आलोचनाको पात्र बनिरहेका छन्। ती मन्त्रीहरूको पर्फरमेन्स पनि त्यस्तै रहेको छ। त्यसमाथि कसरी विश्वास गर्न सकिन्छ कि निजी पुँजीका भुक्खाहरू, द्रव्यपिचासहरू विकास निर्माण वा समाजवादको दिशामा उन्मुख हुनसक्छ। पार्टीमा पनि त्यस्तै जिम्मेवारी, नीति निर्माणको ठाउँमा त्यस्तै व्यक्तिहरूलाई राख्दा पर्याप्त निन्दा भइरहेको छ। के यिनीहरूले समाजवादको यात्रामा पार्टीलाई जान देला र ? भनेर प्रश्न उठिरहेको छ। यी कुराहरूमा एक खालको समस्या देखिन्छ र सरकारको पर्फरमेन्समाथि नै प्रश्न चिन्ह उठिरहेको छ। यसकारणले सरकारको आलोचना हुँदा यी कुराहरूलाई सच्याउनुपर्छ, निन्दाप्रति बम्किने होइन।

**○ माधवकुमार नेपालले त दुई तिहाईको बहुमतको सरकार बने पनि मुख देखाएर हिंड्नै गाह्रो भएको भन्नुभएको छ। यसले त दुई तिहाईको सकरारलाई गिज्याएको जस्तो भएन र ?**

– दुई तिहाईको सरकारलाई गिज्याउनुभन्दा ऐना देखाउनु हो। ऐना देखाउनु भनेको आफ्नो अनुहार हेरेर त्यसमा सुधार गर्नुपर्ने कुराहरू सुधार गरेर अगाडि बढ् भनेको हो। त्यसलाई गिज्याउनु होइन, राम्रो कामतर्फ डोर्‍याउनु हो।

**○ एकतापछि पनि पार्टीभित्र जसरी भद्रगोल देखिएको छ, यो कसरी टुंगो लाग्छ त ?**

– यो टुंगो लाग्नुपर्ने हो। अहिलेसम्म केन्द्रीय कमिटीको बैठक भएको छैन, कुनै बहस-छलफल भएको छैन। नौ जना ठूला नेता भनिएकाहरू आफ्नै ढंगबाट गरिरहनु भएका छन्। उहाँहरूले गरेका निर्णयहरू केन्द्रीय कमिटी भित्र नै सर्वस्वीकार्य भइरहेको छ कि छैन भन्ने अहम प्रश्न हो। बैठक नहुँदा त यी नौ जना सर्वज्ञ हुन्। यीभन्दा बढी बुद्धि भएका अरू कोही मान्छे नै छैन यो नेपालमा भन्ने जस्तो हुन्छ। यसलाई त उहाँहरूले सच्याउनु पर्छ।

**○ नेकपाबाट तपाईं मधेशी मध्ये शीर्ष नेता भित्र पर्नुहुन्छ। समग्र मधेशप्रति नेकपाको दृष्टि के छ ?**

– समग्र मधेशप्रति मैले भनिरहनु परेन। किनभने समग्र देशैप्रति राम्रो दृष्टि देखिएको छैन भने मधेशप्रति त के सकारात्मक देखिने होला। मधेशको मुद्दा संविधान संशोधन, मधेशमा उठिरहेका विखण्डनका कुराहरू, असन्तोषहरू, भ्रष्टाचारहरू, ढिलासुस्ती, विकास निर्माणमा गतिहीनताका विषयहरू जसरी देशमा छन् त्यहीं अनुपातमा मधेशमा पनि छन्। मधेशमा झन् अधोगतितिर छन् यस्ता विषयहरू।

**○ भनेपछि, दुई कम्युनिष्ट पार्टीको एकतापछि पनि मधेशप्रति हेर्ने पूर्वएमालेहरूको दृष्टिकोणमा परिवर्तन आएको छैन ?**

– अहिलेसम्म त व्यवहारमा सुधार भएको देखिँदैन। बोलीमा त प्रधानमन्त्रीज्यूले प्रदेश २ को प्रदेशसभाभित्र गएर राम्रै कुराहरू राख्नुभयो। तर, ती कुराहरूलाई कार्यान्वयन कसरी गर्नुहुन्छ, त्यो हेर्न बाँकी छ।

**○ पूर्वएमालेहरूको बोली र व्यवहारमा तारतम्यता छैन ?**

– अहिलेसम्म देख्या छैन। अहिलेसम्म बोलीमा भएका कुराहरू लागू हुनुपर्ने थियो, तर त्यस्तो अवस्था नभएको हो।

**○ जसरी नेकपाले प्रदेश २ मा गएर मार्क्सवाद पढाएको छ, त्यो कति फलदायी सावित भयो ?**

–मधेशमा के देखिएको छ भने वर्गीय आन्दोलनभन्दा जातीय आन्दोलनले बढी ठाउँ पाएको छ। गरिब वर्गको संख्या धेरै छ मधेशमा। यसको तुलनामा वर्गीय रूपान्तरणका लागि सरकार र पार्टीको कार्यक्रममा त्यसलाई प्रोत्साहित गर्नुपर्ने, जातीय आन्दोलनहरूलाई निरूत्साहित गर्नुपर्ने, जातीय विषयहरू गौण राख्नुपर्ने। यी विषयहरूमा जबसम्म मधेशमा मार्क्सवाद राम्रोसँग बुझाइँदैन र वर्गीय आन्दोलनका कुराहरूलाई गति दिन सरकारबाट पनि कार्यक्रमहरू लन्च हुँदैन, तबसम्म मधेशमा एक हिसावले गलत राजनीतिहरूले प्रश्रय पाइरहन्छन्। गलत राजनीति भनेको जातीय आधारका राजनीतिहरूले मलजल पाइरहन्छन्।

**○ जातीय आधारका राजनीतिहरू मधेशमा के-के हो ?**

– वर्गीय आधारका राजनीतिको शून्यता नै जातीय आधारका राजनीतिहरू जन्माइरहेका छन्। निर्वाचनका बेला मत माग्दा तपाइँ जुन जातको हुनुहुन्छ त्यहीं अनुसार कुरा गर्ने, योग्यता र योगदानको कदर नगर्ने। फलानो जातको अमूक भनिरहेका हुन्छन्। यसलाई सरकारले पनि मलजल गरिरहेको हुन्छ। किनभने जुन संघसंस्था ऐनहरू छन्, त्यो संघसंस्था ऐनहरूलाई जातीय आधारमा दर्ता गर्ने, पेशाको आधारमा र आर्थिक स्थितिको आधारमा सहुलियत दिनेभन्दा पनि जातको आधारमा सरकारबाट प्रोत्साहन भइरहेको छ। यसलाई जबसम्म बदलिँदैन तबसम्म गरिब, विपन्न र उत्पीडित वर्गले सरकारबाट उचित मात्रामा लाभ लिन सक्दैन। त्यसका लाभ अन्य-अन्य शोसक र सामन्तहरू पनि लिन्छ र गरिब वर्ग हेरेको हेरै रहन्छ।

**○ मधेशमा लडेका राजनीतिक दलहरूको भावनालाई यो सरकारले अहिलेसम्म पनि किन सम्बोधन गर्न नसकेको होला ?**

– उनीहरू आफै पनि अहिले द्विविधामा छन्। सरकारलाई समर्थन दिएका छन् तर के आधारमा समर्थन दिएका छन् त्यो प्रष्ट छैन। समर्थन दिँदा सर्तहरू राखियो कि राखिएन। अहिले पनि केन्द्रीय सरकारले तिनीहरूको मागको उचित ध्यान दिएको छैन भने सरकारसँग कुराकानी गरिरहेको छ कि छैन। आफ्नै प्रदेश सरकारको गति कस्तो छ, आफ्नै प्रदेशसभा कसरी चलिरहेको छ, यसबारेमा चिन्तन मनन् गर्नुपर्ने र समीक्षा गर्नुपर्ने हो। मलाई लाग्दैन कि प्रदेश सरकार पूरा वाहवाही पाएको छ र केन्द्रीय सरकार पूरा नकारात्मक रूपले काम गरिरहेको छ। त्यसले गर्दा उनीहरू आफैले पनि आत्मसमीक्षा गर्नुपर्‍यो नि।

**○ तर, संविधान संशोधनका लागि नेकपाका अध्यक्षद्वय फोरम नेपालसँग लिखित रूपमै सहमति नै गरेका छन् तर त्यसप्रति सरकार गम्भीर देखिएको छैन नि ?**

– जसरी फोरमले सहमति गरेको छ, त्यसरी फोरमको प्रस्तुती कसरी रहेको छ सबैले हेरिरहेकै छ। सरकारमा रहँदा नेकपासँग फोरमले संशोधनको विषयमा कसरी छलफल गरिरहेको छ त्यो त उसले जान्नुपर्ने कुरो हो। तर, त्यसमा मैले परिणाम त देखेको छैन।

**○ प्रधानमन्त्री केपी शर्मा ओलीले आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ, भनेर भन्दै आउनु भएको छ, यो आवश्यक्ता र औचित्य अहिले भएको छैन ?**

– संविधान संशोधनका लागि उहाँहरूले कुन समयसीमा दिनुभएको छ, कुन समयमा गर्ने त्यो त उहाँहरूले जान्ने कुरा हो। यसमा हामीसँग छलफल भएको छैन। तर, परिणाम हेरिरहेका छौं कि सात-आठ महिना भइसक्यो अहिलेसम्म कुनै प्रगति भएको छैन। अब संसदको आगामी सत्रमा आउला कि भनेर आश गर्न सकिन्छ।

**○ तपाइँको विचारमा अहिले संविधान संशोधनको औचित्य र आवश्यक्ता छ कि छैन ?**

– संसारका कुनै पनि संविधान आफैमा पूर्ण हुँदैन र यो संविधान पनि आफैमा पूर्ण छैन। कतिपय सवालहरूमा जुन कमीहरू छन्, त्यसलाई छलफल गरेर हटाउँदै लैजानुपर्छ। संविधानलाई स्वीकार गर्ने सवालमा त मधेशी, आदिवासी जनजाति लगायतकाले आफ्ना असन्तुष्टिहरू व्यक्त गरिरहेका छन्। ती असन्तुष्टिमध्ये कतिलाई सम्बोधन गर्न सकिन्छ, कतिलाई सकिँदैन। त्यसैअनुसार संविधान संशोधनको विषयलाई छलफलद्वारा प्रष्ट पार्नुपर्छ। अनि यो संविधानलाई समृद्ध र परिमार्जित गर्दै लैजानुपर्छ।

**○ संविधान जारी भएदेखि जसरी असन्तुष्टिहरू छन्, ती असन्तुष्टिहरू यसरी नै रहिरह्यो भने यो संविधानको भविष्य कति देख्नुहुन्छ ?**

– संविधानको महत्व त आफ्नो ठाउँमा छदैंछ। तर, संविधानको सर्वस्वीकार्यताको दायरा बढाउनुपर्ने त्यो पनि महत्वपूर्ण छ। त्यसबारेमा सरकारको ध्यानाकृष्ट हुनुपर्ने हो। तर, सरकारको ध्यान यसतर्फ नदेखिनु चिन्ताजनक विषय हो।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*



☞ स्थायी कमिटीको निर्माणमा पनि चित्तबुझ्दो कुरो भएको छैन। विधानका कुराहरू उल्लंघन भएका छन्।

☞ जुन मन्त्रिपरिषद्मा द्रव्यपिचासहरू बसेका छन् कुण्डली मारेर, प्रधानमन्त्री आफै त्यति त्याग तपस्या गरेका व्यक्ति हुँदाहुँदै पनि त्यस्ता व्यक्तिहरूलाई सामेल गराएर आलोचनाको पात्र बनिरहेका छन्।

☞ दुई तिहाईको सरकारलाई गिज्याउनुभन्दा ऐना देखाउनु हो। ऐना देखाउनु भनेको आफ्नो अनुहार हेरेर त्यसमा सुधार गर्नुपर्ने कुराहरू सुधार गरेर अगाडि बढ् भनेको हो।

☞ समग्र मधेशप्रति मैले भनिरहनु परेन। किनभने समग्र देशैप्रति राम्रो दृष्टि देखिएको छैन भने मधेशप्रति त के सकारात्मक देखिने होला।

☞ कतिपय सवालहरूमा जुन कमीहरू छन्, त्यसलाई छलफल गरेर हटाउँदै लैजानुपर्छ।

# दिगो कृषिमा पशुमूत्रको उपयोग



डा. श्रीभगवान ठाकुर

**पृष्ठभूमिः**
हरित कान्तिको आगमनसँगै कृषि क्षेत्रमा उत्पादन वृद्धिका लागि धेरै मात्रामा आयातित स्रोतहरूको प्रयोगको शुरूआत भएको छ। खाद्यान उत्पादन बढाउनको लागि जथाभावी रूपमा रासायनिक मल, विषादी, सुक्ष्म तत्व, आदिको प्रयोग हुन लाग्यो। जनसंख्या बृद्धिसंगै कृषि कार्य व्यवसायिक रूपमा वढ्दै जाँदा यी आयातित वस्तुको प्रयोगमा तिब्रता आएको तथा रोग र कीराको प्रकोप पनि बढ्दै गएको छ। रोग र कीराले मात्रै कृषि बालीमा २५ देखि ३० प्रतिशतसम्म उत्पादनमा ह्रास ल्याउँछ। जनसंख्या वृद्धि, जलवायु परिवर्तनले वातावरण र कृषि उत्पादक्त्वमा पारेको नकरात्मक प्रभाव, खाद्यान संकट, युवा विदेश पलायन जस्ता समस्याहरूले कृषिक्षेत्र अति नै प्रभावित भएको छ।

ती रासायनिक वस्तुहरूको प्रयोगले कृषि उत्पादनमा त क्षणिक वृद्धि हुन्छ तर विशेष गरेर रासायनिक विषादीको प्रयोगले मानिस र पशुवस्तुको स्वास्थ्य तथा वातावरणमा भने नकारात्मक असर पारिरहेको छ। यी रासायनिक विषादी अनियन्त्रित र जथाभावी रूपलेप्रयोग गर्दा उत्पन्न हुने समस्या कृषकहरूले पनि भोग्दै आएका छ। रासायनिक विषादीको प्रयोगलाई न्यूनिकरण गर्दै एवं रोग कीराकोएकीकृत व्यवस्थापनलाई पनि सँगैसँगै लाने क्रममा जैविक वा वानस्तीक विषादीको अवधारणा आएको छ। केहि कृषकहरूले रासायनिक विषादीको नकारात्मक असरबारे ज्ञान भै सकेकोले आफ्नै घरवरिपरि पाइने बनस्पति र जैविक बस्तुको प्रयोग गरि रोग किरा व्यवस्थापन गर्न सकिन्छ। यति मात्र नभै हाम्रा पूर्वजहरूले प्रयोग गर्दै आइरहेका प्रविधिहरू पनि रोग कीरा व्यवस्थापन गर्न उपयुक्त मानिएको छ। यी तरिकाहरूले मानव स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर कम गर्न सकिन्छ।

अर्को तर्फ, गाईवस्तुको गहुँत र गोबरको समुचित व्यवस्थापन न हुँदा लाखौं रूपैया बरावरको बोट विरूवाका आवश्यक तत्वहरू खेर जाने र जलवायु परिवर्तनलाई सहयोग पुचाउने हरित गृह ग्याँस उत्सर्जन बढाउने कार्य भइरहेको छ। गाईवस्तुको गोबर भन्दा बढी शक्तिशाली पिसाबलाई समुचित व्यवस्थापन गर्न टड्कारो देखिन्छ।

**पशुवस्तुको पिसाबको महत्वः**
गाईको गहुँतमा भएको विभिन्न रसायनहरू (क्रियाटीनिन, सल्फर, कार्बोलिक एसिड, फेनोल, केही लवण, भिटामीन आदि) मा एन्टिब्याक्टेरियल, एन्टिफंगल, एन्टिभाएरल, एन्टिक्यान्सर, भोक बढाउन एवं पाचन, रगत, पिसाब, प्रजनन (यौन दुर्बलता) सम्बन्धी समस्या समाधान गर्ने गुणहरू पाईन्छन्। धार्मिक साँस्कृतिक हिसावले पनि गोमुत्रको अति नै महत्व रहको छ।

नेपालमा करीब गाई भैंसीको संख्या१ करोड २५ लाख २५ हजार ४ सय ८५ रहेको छ ( पशु सेवा विभाग २०७४/७५)।साधारणतया एउटा गाईवस्तु (३०० किलो वजनको) १ दिनमा सरदर १८-२० लीटर पिसाव गर्छन तर कृषकको घरमा साना ठूला गरी सरदर प्रति दिन ४ लिटरका दरले अनुमान गरेर हिसाब गर्दा पनि नेपालमा ५० हजार मे.टन पिसाब निस्किन्छ।। पिसाबमा सरदर १-२ प्रतिशत नाइट्रोजन पाइन्छ। तर औसतमा १.५ प्रतिशत मात्र मानेर हिसाब गर्दा पनि मोटामोटी ७५ हजार मे. टन भन्दा बढी नाइट्रोजन अर्थात १ लाख ६० हजार मे.टन बराबरको युरिया हुन आउँछ।



*फोटो सौजन्य: एफ ए ओ, कृषिमा जलवायु परिवर्तन परियोजना, सिरहा ।*

**मलको स्थितिः**
पशुमुत्र संकलन एवं सदुपयोगको अभावमामुत्रमा पाईने विरूवालाई चाहिने नाइट्रोजन नोक्सान भैरहेको अवस्था एकातिर छ भने अर्कोतिर बाली बिरूवालाई चाहिने खाद्यतत्वहरूमध्ये सबभन्दा बढी नाइट्रोजन तत्व बाहिरबाट बर्षेनी आयात गर्नु परेको छ। रासायनिक मल हालसम्म नेपालमा बन्न नसकेकाले विदेशबाट आयात गर्नु पर्ने, अन्य तत्वहरू जस्तो यो स्थिर भएर रहन नसक्ने अवस्थामा बालीविरूवालाई चाहिने नाइट्रोजन पूर्तिका लागि युरियार डी.ए.पी. बाहिरबाट आयात गर्न सरकार तथा किसानहरूलाई धौ-धौ परेको छ।२०७३/२०७४ मा नेपालमा २०७३/२०७४ मा १ लाख १६ हजार ६ सय ३२ मे. टन यूरिया प्रयोग गरिएको थियो र यस आ.व.२०७५/२०७६मा १ लाख मे.टन (४६,००० मे.टन नाइट्रोजन) आयात गरिने योजना रहेको छ।

तर धेरैजसो गाई भैंसीको मुत्रबाट पाइने नाइट्रोजनमध्ये ८०-९०% त्यसै उडेर खेर गएको छ। गाई भैंसीको गहुँतलाई सकंलन र प्रयोग गर्न सकेमा यसबाट प्राप्त हुने नाइट्रोजन विदेशबाट आयात गरिएको युरियाको तुलनामा सस्तो र प्रभावकारी हुन्छ। त्यसैले रासायनिक मलको असन्तुलित प्रयोगबाट मानव तथा वातावरणमा हुने नकारात्मक असरबाट बच्न पशुमुत्रमा भएको नाइट्रोजन बचाउन र सदुपयोग गर्नमा ध्यान दिनु जरूरी छ। अतः गाईवस्तुको गहुँतलाई समुचित संकलन तथा प्रयोगबाट स्वस्थ्य बालीनाली उत्पादनमा बृद्धि तथा वातावरण जोगाउनमा समेत सहयोग पुऱ्याई जलवायु परिवर्तनको असर कम गर्न सकिन्छ।

**पशुमुत्रको संकलन तथा प्रयोगबाट फाईदाः**
*क) युरीया मलमा पाइने* नाइट्रोजन तथा म्युरेट अफ पोटासमा पाइने पोटास सजिलै परिपूर्ति गरी ठूलो रकम बिदेशिनबाट जोगाउन सकिने,
ख) पशुमुत्रबाट वानस्पतिक विषादी बनाएर बालीनालीको रोग कीरा व्यवस्थापन तथा सुक्ष्मतत्वको पूर्ति गर्न सकिने
ग) रासायनिक मल तथा विषादीको मात्रा घटाई उत्पादन लागत घटाउन सकिने,
घ) गाईवस्तुको भकारो सफा भई रोगव्याधि कम हुने र दूधको उत्पादन बढने,
ङ) बालीविरूवामा प्रयोग गर्दा पिसाबसंगै सिंचाई पनि हुने
च) गोबर ग्याँसमा प्रयोग गर्दा मिथेन ग्यास बढी उत्पादन हुने,
छ) गोठेमलको गुणस्तर बढाउन सकिने।

**पशुमुत्र र यूरीयाको तुल्नात्मक हिसावः**
नेपालमा मध्यम किसान परिवारमा सरदर ५-६ वटा (वयस्क र बच्चा) गाईवस्तुको हिसाव गर्दा, उक्त गाईवस्तुबाट प्रति दिन सरदर २० लीटर र प्रति महिना ६०० लीटर प्राप्त हुन्छ र उक्त पशुमुत्रबाट प्रति दिन ३०० ग्राम र प्रति महिना ९ किलो नाइट्रोजन जुन प्रति महिना लगभग २० किलो यूरीयाको बरावर हुन्छ। यसरी हिसाव गर्दा १.५किलो नाइट्रोजन १०० लीटर पिसाववबाट पाईन्छ र१ किलो युरियामा ४६ प्रतिशत नाइट्रोजन पाईन्छ भने, १ किलो युरियाको लागि ३१ लिटर पिसाब जम्मा गर्नु पर्ने हुन्छ। अब साधारणतया डेढ कठा वा १ रोपनी तरकारी खेती गर्ने कृषकलाई ११.५ किलो युरिया आवश्यक पर्दछ भने उक्त कृषक परिवारलाई ३५७ लीटर पशुमूत्र संकलन गर्नु पर्दछ। सो युरिया पूर्ति गर्न प्रति कृषक १ गाईवस्तु पाल्नेले १५२ दिन ( ५महिना) र ५ पाल्नेले जम्मा १७ दिनमा पूर्ति गर्ने हुन्छ।

यस्तै १ बोरा युरीयाको लागि १,५३३ लीटर पिसाव जम्मा गर्न ५ वटा गाईवस्तु पाल्ने कृषकलाई २.५ महिना लाग्ने हुन्छ। उक्त कृषकले अरू तत्वहरू बाहेक सरदर २.५ महिनामा प्रति बोरा रू. १,२०० का दरले युरीयाबाट बचाउदा प्रति वर्ष ५ बोरा युरीया बरावर नाइट्रोजन पाउँदा वर्षमा रू. ६हजार सम्म बचाउन सकिन्छ।

**गाईवस्तुको पिसाब संकलन तथा संरक्षण गर्ने तरीकाः**
गाईवस्तुको पिसावलाई आफ्नो वरपर रहेको स्रोत साधन तथा क्षमता अनुसार निम्न तरीकाले मूल्यवान पिसाव संकलन तथा संरक्षण गर्न सकिन्छ।
- भकारोको भूईंलाई सिमेन्टद्वारा पक्की बनाई मूत्र संकलन ट्यांकी बनाएर,
- पाइपबाट प्लाष्टिक ट्यांकीमा जम्मा गरेर,
- गोठभित्र सानो खाल्टो बनाएर,
- गोठमा बाक्लो सोस्ने सोतर प्रयोग गरी मुत्रको संरक्षण गरेर।

**गाईवस्तुको गहुँत प्रयोग गर्ने तरीकाः**
रोग कीरा व्यवस्थापन तथा विरूवालाई पोषकतत्व पूर्तिको लागि किसानहरूले प्रयोग गर्दै आईरहेको तितो, पिरो, अमिलो, टरो वनस्पतिहरू (नीम,बकाईनो, असुरो, तितेपाती, आँख, हरो, बरो, लसुन, प्याज, खुर्सानी, आदि) पिसावमा मिसाई वानस्पतिक विषादी: गितीमल, चिया मल, आदि स्थानिय तरिकाबाट बनाएर प्रयोग गर्न सकिन्छ। साधारणतया १५ दिन अवधि पुगेका पशुमुत्र विरूवाको अवस्था हेरि १ भाग मुत्रमा ४ भाग, ६ भाग र ८ भागपानी मिसाएर प्रयोग गर्न सकिन्छ। यसलाई गोबरग्यासमा, थोपा सिंचाईमा, स्प्रीङ्लरमा पनिप्रयोग गर्न सकिन्छ।

**गोठको पक्की भूइँ तथा पिसाव टंकी बनाउन लागत खर्चः**
पाँचवटा गाईवस्तुको लागि पक्की भूइँको खर्च आंकडा गर्ने हो भने सिमेन्ट ३ बोरा रू.३,०००, बालुवा ९ बोरारू. ४५०, गिट्टी १८ बोरा रू. १,२५०, ढुंगा २५ टोकरी रू. १,५००,मिस्त्री खर्च रू. २,००० र श्रमिक (४ जना) खर्च रू. २,००० गर्दा जम्मा लागत रू.१०,२०० मा तयार हुँदा १० वर्ष आयु हुने। त्यस्तै पिसाव संकलन गर्नका लागि प्लाष्टिक पाइप २-३ मी. रू.२००, प्लाष्टिक ट्यांकी १०० लिटर रू.१०००वा पक्की ट्यांकी (१X१X१मि.) रू.१,००० गरी रू.२,२०० खर्च हुदाँ कुल लागत रू.१२,४०० मा गोठको पक्की भूई बनाउन सकिन्छ। यो खर्च १० बोरा युरीया बराबरको हुन आउँछ र जुन २ वर्षको पिसाव जम्माबाट प्राप्त गर्न सकिन्छ।

**अतः** नेपालको समृद्धिको नारालाई साकार पार्न गरीवी न्युनीकरण, खाद्य सुरक्षा र जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि कृषिक्षेत्रलाई दिगो बनाउन अति नै आवश्यक रहेको छ। अब सबै तहबाट दिगो कृषिको लागि मानव पशुस्वास्थ्य तथा वातावरण संरक्षण गर्नका साथै देशको ठूलो रकम बिदेशिनबाट रोक्न पशुमुत्रको समुचित संकलन तथा सदुपयोगमा ध्यान जानु जरूरी देखिन्छ। यसका लागि विशेष किसिमको कार्यक्रम **"पशुमुत्रको उचित स्याहारः दिगो कृषिको मूल आधार"** नारा बनाई बृहत रूपमा स्थानीय सरकारको नेतृत्वमा प्रदेश सरकार तथा संघीय सरकार तथा अन्य दातृ संस्थाको सहयोगमा संचालन गर्नु अति नै आवश्यक देखिन्छ।


हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजय कुमार सरावगी
मेयर, वीरगन्ज महानगरपालिका



हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

डा.धवलशम्शेर राणा
मेयर, नेपालगन्ज उपमहानगरपालिका



हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विक्रम यादव
अध्यक्ष, चक्रघाटा गाउँपालिका



हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राकेश गुप्ता रोशन
वडाअध्यक्ष, लहान नगरपालिका-७


## मधेश अपडेट

### विवाहपञ्चमी मनाउन प्रदेश सरकारले ३० लाख दिने

जनकपुरधाम । प्रदेश नं २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले आगामी मङ्सिर २६ गते यहाँ हुने भगवान् सीताराम विवाहपञ्चमी महोत्सव भव्य रूपले मनाउनका लागि योजना बनाउन आग्रह गरेका छन्। जानकी मन्दिरद्वारा आइतबार यहाँ आयोजित छलफल कार्यक्रममा मन्त्री साहले महोत्सव सम्पूर्ण मिथिलावासीको प्रतिष्ठा भएको बताउँदै महोत्सवलाई भव्यता दिन जनकपुरधाममा सार्कस्तरीय रामलीलाको आयोजना गर्ने अवधारणाबारे छलफल भइरहेको छ भने। उनले प्रदेश सरकारले महोत्सव भव्यरूपमा मनाउन रू ३० लाख उपलब्ध गराउने निर्णय गरेको जानकारी पनि दिए। गोस्वामी तुलसीदासले 'रामायण'मा वर्णन गर्नुभएअनुसार जनकनन्दिनी सीताको विवाह भएको दिनलाई सम्झेर मिथिलावासीले यसलाई विशेष महोत्सवका रूपमा मनाउने गरेका छन्। त्रेतायुगमा मिथिलाका राजा जनकले छोरी सीताको स्वयंवरका लागि राखिएको शिवधनुषलाई अयोध्याका राजा दशरथका ज्येष्ठ सुपुत्र रामले तीन टुक्रा पारेपछि मङ्सिर शुक्लपञ्चमीका दिन राम र सीताको विवाह सम्पन्न भएको थियो। सीतालाई छोरी र बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको शरीर नभए पनि अदृश्य रूपमा नै उपस्थितिको विश्वासले हर्ष र उल्लाससाथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्ममा सहभागी हुने गरेका छन्। मिथिलामा दुलहा पक्षलाई अयोध्यावासी र दुलही पक्षलाई मिथिलावासी मान्ने चलन भएकाले सीताराम विवाह महोत्सवमा प्रतीकात्मक विवाह मैथिल संस्कृतिअनुसार गर्ने परम्परा छ। जानकी मन्दिरका सहमहन्त रामरोशन दासका अनुसार महोत्सवमा जनकपुर दर्शन, फूलबारी लीला, धनुष यज्ञ, तिलकोत्सव, मटकोर, शुभविवाह र रामकलेवा मनाइन्छ। छलफल कार्यक्रममा प्रदेशसभा सदस्य परमेश्वर साह र सुरिता साह, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मीलगायतले महोत्सवलाई मिथिलाको पहिचानअनुरूप मनाउनुपर्ने धारणा राखेका छन्।

### "प्रदेशको नाम र राजधानीको टुङ्गो चाँडै"

विराटनगर । प्रदेश नं १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले प्रदेशसभाको यही अधिवेशनभित्र प्रदेशको नाम र स्थानीय राजधानीको टुङ्गो लाग्ने बताएका छन्। उनले राष्ट्रिय समाचार समितिसँग कुरा गर्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश संसदीय दलको दुई दिनदेखि यहाँ भइरहेको बैठकमा चर्चामा आएका प्रदेशको नाम र स्थायी राजधानीका लागि शहरका विषयमा छलफल भएको बताए। उनले नामको ट्ङगो लागेपछि विभिन्न राजनीतिक दलसँगको छलफलपछि प्रदेशसभामा पेश गरी यही अधिवेशनभित्र प्रदेशको नाम र स्थायी राजधानीको घोषणा गरिने जानकारी दिए।

### संशोधनकै लागि फोरम सरकारमा : यादव

वीरगंज। संघीय समाजवादी फोरम नेपालका पर्सा जिल्ला अध्यक्ष एवम सांसद प्रदिप यादवले सविधान संशोधनका लागि नै फोरम सरकारमा सहभागी भएको दाबी गरेका छन्। उनले सविधान संशोधन नभएसम्म मुलुकमा स्थायी शान्ति नआउने दावीसमेत गरेका छन्। फोरमको भ्रातृ संगठन समाजवादी विद्यार्थी फोरम नेपाल, पर्सा जिल्ला अधिवेशनको उद्‌घाटन गर्दै सांसद यादवले यस्तो दाबी गरेका छन्। उनले मधेशी, मुस्लिम र पहाडका जनजातिलगायत मुलुकका आधाभन्दा बढी जनतालाई पाखा लगाएर समृद्धिको कुरा गर्नु बालुवामा पानी पटाउनु जस्तै भएको बताए। नेता यादवले संविधान संशोघन पछि मात्रै मधेश वा पुरै देशको समृद्धिका कुरा उचित हुने बताए। मधेशको मागलाई बेवास्ता गरेसम्म मुलुकमा राजनीतिक अन्यौलता रहिरहने बताउँदै अविलम्ब सविधान संशोधनतर्फ सरकारको ध्यानाकर्षण समेत गराए। शनिबार वीरगन्जको रानीसती धर्मशालामा सम्पन्न भएको कार्यक्रममा अधिवेशन सफलताको शुभकामना दिँदै नेता यादवले सहभागी सबै विद्यार्थीहरूलाई धन्यवाद दिएका छन्। उनले देशको भविष्य विद्यार्थीहरू भएको र सबै आन्दोलन जस्तै मधेश आन्दोलनहरूमा पनि बिद्यार्थीहरूको भूमिका र लगानीलाई पार्टीले कुनैपनि हालतमा बिर्सन नसक्ने बताए।

### शान्तिपूर्ण धर्नामा प्रहरी दमन

नेपालगन्ज। प्रहरी हिरासतमा मृत्यु भएका स्व. राम मनोहर यादवलाई न्याय दिलाउना शान्तिपूर्ण धर्नामा बसेको राम मनोहर यादवका परिवार र आफन्तहरूमाथी प्रहरी प्रशासनले दमन गरेको छ। प्रहरीको दमनमा परि जानकी गाउँपालिका कपासी गाउँको दिपक कुमार पासी र त्यही ठाउँको हेमराज धोवी घाइते भएका छन्। अन्यहरूको अवस्था पनि ठिक छैन। घाईतेहरूको उपचार भेरी अंचल अस्पताल नेपालगन्जमा उपचार भइरहेको छ। जिल्ला प्रशासन बाँके अगाडी शुक्रबार दिउसों १२ बजेदेखि धरना कार्यक्रम थियो। सुरूमा प्रहरीले विभिन्न मागसहित मृतक राम मनोहरको तस्बिर अंकित ब्यानर, श्रद्धाञ्जलीका लागि राखिएको धुम, अविर समेत प्रहरीले उठाएर लगेको थियो।

### चाडपर्वमा विशेष सुरक्षा रणनीति अपनाइने

विराटनगर। जिल्ला प्रहरी कार्यालय मोरङले आउदो दशैं, तिहार, म्हँ पूजा, छठपर्व सर्वसाधारण जनताले हर्षोउल्लास रूपमा मनाउने वातावरण बनाउनका लागि विशेष सुरक्षा रणनीति अपनाउने भएको छ। जिल्ला प्रहरी कार्यालय मोरङद्वारा आज यहाँ आयोजित समुदायसँग चिया कार्यक्रमको आयोजना गरी चाडपर्वको बेला धेरै भीडभाड हुने स्थानमा सादा पोशाकमा प्रहरी खटाउनुका साथै पैदल र साइकल गस्ती गर्ने प्रहरीको व्यवस्था गरेको जनाएको छ। यस्तै वित्तीय संस्था, सुनचाँदीलगायतका अन्य पसलमा सादा पोशाकमा हतियार सहितको प्रहरीको व्यवस्था गरिएको जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक मनोजकुमार केसीले बताए। सीमा क्षेत्रमा विशेष सर्तकता, मुख्य मार्ग तथा सहायक मार्गमा सवारी चेकजाँचको विशेष व्यवस्था, जुवातास नियन्त्रण, मादकपदार्थ बिक्री वितरण क्षेत्रमा विशेष अनुगमान, मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने विशेष अनुगमन, पटका नियन्त्रण, व्यस्त क्षेत्रमा यौन दुर्व्यवहार नियन्त्रण आदि लगायतका रणनीति अपनाएको उपरीक्षक केसीले बताए।

### पत्रिका जलाइएको घटनाप्रति आपत्ति

धनगढी। कैलालीको अत्तरिया बजारमा बिक्री वितरण गर्नका लागि ल्याइएका कान्तिपुर दैनिक, काठमाडौं पोष्ट, नागरिक दैनिक पत्रपत्रिकाको पोकोमा अज्ञात समूहले आगो लगाएर नष्ट गरेको छ। नेपालगञ्जबाट बिहान अत्तरिया बजारको बिक्री केन्द्रमा पुगेको पत्रिका बोकेको जिपमा रहेका पत्रिका निकालेर चार पाँच जनाको समूहले आगो लगाइ नष्ट गरेको जनाइएको छ। नेपाल पत्रकार महासङ्घ कैलालीले पत्रपत्रिकामा आगजनी गरिएको घटनाप्रति आपत्ति जनाउँदै घटनामा संलग्नको खोजी गरी कडा कारवाही गर्न माग गरेको छ। महासङ्घले जारी गरेको विज्ञप्तिमा आम नागरिकलाई सुसूचित हुने अधिकारबाट वञ्चित हुने गरी पत्रिका जलाइएको यो घटना प्रेस स्वतन्त्रता माथिको आक्रमण भएको जनाएको छ।

### नेपाल र भारतका मन्त्रीद्वारा स्टेशन वर्कको निरीक्षण

वीरगञ्ज। नेपाल र भारतका मन्त्रीहरूले अमलेखगञ्ज-मोतिहारी पेट्रोलियम पाइपलाइन परियोजना निर्माणको अवस्थाबारे अमलेखगन्जस्थित डिपोको 'स्टेशन वर्क' स्थलगत निरीक्षण गरेका छन्। नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मात्रिकाप्रसाद यादव र आपूर्ति मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरे तथा भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री धर्मेन्द्र प्रधान र भारतीय आयल कर्पोरेशनका उच्च पदाधिकारीले निरीक्षण गरेका छन्। दुवै देशका मन्त्रीहरूले अमलेखगन्जस्थित डिपोको स्टेशन वर्कको निरीक्षण, पाइपलाइन निर्माणको अवस्था तथा प्रगतिबारे जानकारी लिएका थिए।

### लैंगिक हिंसा विरूद्ध अन्तयक्रिया

रौतहट। नेपाल मुस्लिम महिला कल्याण समाजको आयोजनामा यौनजन्य तथा लैंगिक हिंसा विरूद्ध सिमान्तकृत, मुस्लिम तथा मधेशी महिला र किशोरीहरूको क्षमता अभिबृद्धि कार्यक्रम अंतर्गत यौनजन्य तथा लैंगिक हिंसा विरूद्ध अंतर्क्रीया कार्यक्रम आइतवार रौतहटको सदरमुकाम गौर स्थित रौतहट उधोग वाणिज्य संघको सभाहलमा सम्पन्न भएको हो। महिला तथा बालवालिका माथि हुने गरेको हिंसा न्यूनीकरणको लागि गरिने प्रयासको विषय मा सुझाव संकलन गर्ने उदेश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो। तरनुम जयाको अध्यक्षतामा भएको कार्यक्रममा गौर नगरपालिका वड़ा नम्बर ६ र ७ का निर्वाचित जनप्रतिनिधि महिला पुरूष सहभागी भएका थिए।

# ओझेलमा परेको बुद्धमंगल ताल

- **मोहन पौडेल**

पश्चिम नवलपरासीको ऐतिहासिक बुद्धमंगल ताल संरक्षणको पर्खाइमा छ। जिल्लाको बर्दघाट नगरपालिका वडा नं १२ मा पर्ने यो ताल पर्यटकीय दृष्टिकोणले उत्कृष्ट गन्तव्य बन्ने सम्भावना भएर पनि संरक्षण र प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ।

सुन्दर र रमणीय वातावरण रहेको यो तालको उचित संरक्षण हुन नसक्दा झारैझारले भरिन पुगेको छ। तालमा पर्याप्त पानी भएपनि झार धेरै भएकाले तालको सुन्दरता छोपिएको छ। यो तालको ऐतिहासिकता गौतम बुद्धसँग जोडिएको छ। स्थानीयवासी दीपक बरालका अनुसार बुद्धमंगल ताल ऐतिहासिक हुनुमा शाक्यमुनि बुद्धसँग यसको सम्बन्ध जोडिनु नै हो। यस तालको नामकरण बुद्धमंगल हुनुले पनि बुद्धसँग कुनै न कुनै किसिमले यसको अन्तरसम्बन्ध छ भन्ने बुझ्न सकिन्छ। साढे ६ विघामा फैलिएको र गोलाकार आकृतिमा रहेको यो ताल आजसम्म सुकेको दृष्टान्त छैन। निर्मल र कञ्चन पानी रहेको यस तालको सम्बन्ध बुद्धसँग जोडिएका विषय र अन्य पनि धेरै किवन्दतिहरू सुनाउने पुस्ता आज पनि जिउँदै भेटिन्छन्।

बुद्धमंगल ताल संरक्षण समितिका अध्यक्ष दीप प्रकाश लोहनीका अनुसार गौतम बुद्ध काठमाडौं खाल्डो जाने क्रममा परासीदेखि १२ किलोमिटर पूर्व हाल बर्दघाट नगरपालिका - १२ (साविक जहदा ५) स्थित मनोरम यो ताल देखेपछि आफ्नो अनुयायीसहित यसै ताल छेउ राति बास बस्नुभएको र सो बसाइको क्रममा स्थानीयवासी दुई जमिन्दार भाइहरू दबिला र मंगललाई आफ्नो प्रवचनबाट दीक्षित बनाएको किंवदन्ति सुन्न पाइन्छ। ती दुई दाजुभाइमध्ये दबिलाको नामबाट आज पनि दुई गाउँ (पुरानो दबिला, नयाँ दबिला) रहेका छन् भने मंगलको नाउँ अगाडि बुद्धसमेत जोडी बुद्धमंगल ताल नामकरण गरिएको छ।

प्रमाणित रूपमा भन्न नसकिए पनि यो ताल धेरै ऋषिमुनि सन्न्यासीहरूको तपस्या थलो बनेको थियो भन्ने तर्कलाई पत्याउने आधार धेरै रहेको अध्यक्ष लोहनीले बताउनुभयो। तत्कालीन समयमा घना जङ्गलबीच शान्त ताल रहनु र यस क्षेत्रमै नारायणी नदी पछि जल सुन्दरताका हिसाबले यही ताल नै उत्कृष्ट रहनुले पनि पत्याउन सजिलो आधार मिलेको हो। बुद्ध जीवनी, बौद्ध धार्मिक ग्रन्थहरूको मिहिन अध्ययन र अनुसन्धान हुने हो भने यस सम्बन्धमा निश्चय पनि केही तथ्यहरू हात पर्ने विश्वास स्थानीयवासीको छ।

यसबाहेक रैथाने थारू जातिले जमकतार देवीको आश्रय स्थलको रूपमा यस ताललाई लिई अति पवित्र मानी यसै तालको पानीबाट खाना पकाउने प्रचलन केही वर्ष अगाडिसम्म रहेको बताउने बूढापाका आज पनि छन्। जमकतार देवीको



सानो मन्दिर ताल किनारमा अवस्थित छ। ताल वरपर पुरानो थारू बस्ती नै छ।

स्थानीयवासी दीपक बराल अर्को किंवदन्ति सुनाउनुहुन्छ - यस तालबाट सुनका भाँडाकुँडा स्थानीयवासीले मागे जति पाउने तर, कार्य सम्पन्न भए पछि तालमा बिसर्जन गर्नुपर्ने प्रथा थियो। घरमा पूजाआजा, बिहे बँरात आउँदा भाँडाको माग गरेपछि सतहमा तैरिएर आउँछ। तर, एक लोभी व्यक्तिले एउटा कचौरा लुकाए पछि देवी क्रोधित भई लगातार वृष्टि गराई ताल जलमग्न गराउँदा भाँडाहरू बग्दै बग्दै नजिकबाट बग्ने खोलाको माध्यमबाट दक्षिणतर्फ गएको भन्ने सुनिन्छ। सुनका भाँडाबर्तन बगेकाले सुनलाई धन मानी धन खोला नामकरण भएको हो।

थारू जातिले दक्षिणतिरको गाउँमा सुन गएको हुँदा 'धन बा' भन्दै गर्दा गाउँको नाम नै धनवा रहन गएको र कालान्तरमा अपभ्रंस भई धनेवा हुन पुगेको किवदन्ति पनि छ। धनेवा आज नवलपरासी कै प्रमुख बस्तीमध्येको एक हो। धनेवा खोला अझ दक्षिण पुग्दा त्यो धन गाडिएको जनविश्वास छ। सो स्थान हाल सरावल गाउँपालिकाको धनगडवा गाउँ हो भन्ने गरिन्छ।

यसबाहेक नाक र कानमा गहना लगाएको विशाल मत्स्य देवता तालमा अहिले पनि रहेको कथाहरू पनि प्रख्यात छन्। गहना लगाएको माछा विश्वास गर्न नसकिने भए पनि विशाल माछा तालमा रहेको र त्यो बेलाबखत सतहमा आउने गरेको प्रत्यक्ष देखेका दावी कतिपय स्थानीयवासीले गर्ने गरेका छन्। त्यसैगरी, अजिङ्गर पनि बेलाबखतमा देखिने गरेका छन्। सिमसार क्षेत्र भएकाले विविध जलचर र ताल किनारमा सामुदायिक वनको समेत विकास गरिएकाले चराचुरूङ्गीको बासस्थानका रूपमा यो ताल रहन पुगेको छ।

लामो समय उपेक्षित जस्तै रहे पनि स्थानीयवासी हाल तालको सौन्दय बनाउने कार्यमा सचेत रहेको संरक्षण समितिका अध्यक्ष लोहनीले बताउनुभयो। अर्थाभावले गर्दा संरक्षणमा समस्या भएको छ। एकपटक २०५६ सालमा गाउँलेहरू मिलेर सफा गर्ने काम भयो तर यसले निरन्तरता पाएन। तालको संरक्षण गर्न र सौन्दर्य जोगाउन नगरपालिकाले विशेष चासो लिएर काम थालेको बर्दघाट नगर प्रमुख धीरज शर्मा बस्यालले राससलाई बताउनुभयो। नगरपालिकाबाट यस कार्यका लागि करीब रू २० लाख तथा प्रदेश सरकारले पनि सोही बमोजिमकै बजेट विनियोजन गरेको नगर प्रमुख बस्यालले जानकारी दिनुभयो। आउने वर्षसम्म तालको स्वरूप परिवर्तन भइसक्ने उहाँको विश्वास छ। नगरपालिकाले नगरभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरूको पहिचान र संरक्षण गर्दै नगरलाई नै पर्यटकीय नगरी बनाउन लागिपरेको नगर प्रमुख बस्यालले बताउनुभयो।

ताल वरपर सरस्वतीको मन्दिर, शिवालय, बुद्धमार्गीहरूको गुम्बा, १०८ शिवलिङ्ग, प्रतीक्षालय, सामुदायिक वन, खानेपानी परियोजना तथा ध्यान केन्द्र लगायतका प्राकृतिक तथा भौतिक संरचनाको निर्माण तथा विकास गरिएको छ। हुलाकी सडकबाट आधा किलोमिटर उत्तरमा पर्ने यस तालको प्रवेश द्वार बनाइएको छ। तालको सौन्दर्य वृद्धि र संरक्षणमा निवर्तमान सांसद द्वय विक्रम खनाल र सिन्धु जलेसाले निरन्तर सहयोग पुऱ्याएको स्थानीयवासी सम्झन्छन्। त्यस्तै, स्थानीय क्लबहरूले श्री कृष्ण जन्माष्टमी, हरितालिका (तीज) जस्ता पर्वमा जात्रा एवं खेलकूदका प्रतियोगिताहरू सञ्चालन गरी यस क्षेत्रको प्रचारप्रसारका निम्ति महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्। सबै पक्षबाट यसै प्रकारको सक्रियता र सहयोग पउने हो भने यो ताल क्षेत्र आन्तरिक पर्यटनको केन्द्र बन्न सक्ने वडाध्यक्ष मान बहादुर मल्लले बताउनुभयो।

त्रिवेणीदेखि कपिलवस्तुसम्मको क्षेत्र लुम्बिनी सर्किट अन्तर्गत पर्ने अत्यन्त महत्वपूर्ण क्षेत्र हो। ऐतिहासिक, धार्मिक तथा पुरातात्विक हिसाबले यस क्षेत्रको जुन महत्व छ त्यो अन्यत्र शायदै भेटिएला। लुम्बिनी घुमेर फर्कने आन्तरिक तथा विदेशी पर्यटकहरूलाई नवलपरासीको त्रिवेणीदेखि परासीसम्मको खण्ड समेतमा भित्र्याउन सकिने सम्भावना छ र यसतर्फ चाँडो भन्दा चाँडो पहलकदमी लिन आवश्यक छ। रासस

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**अभय कुमार सिंह**

**मेयर, बलरा नगरपालिका**

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**हरिप्रसाद मण्डल**

**मेयर, मटिहानी नगरपालिका**

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**श्रवण कुमार यादव**

**मेयर, मिर्चैया नगरपालिका**

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**दीपनारायण प्रसाद रौनियार**

**मेयर, पोखरिया नगरपालिका**

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**लोकेन्द्र लाल कर्ण**

**वडाअध्यक्ष, जलेश्वर नगरपालिका-४**

हिन्दूहरूको महान पर्व २०७५ को विजयादशमी, शुभ दीपावली र छठ पर्वको पावन अवसरमा समस्त देश, प्रदेश र नगरवासीमा सुख, समृद्धि, सुस्वास्थ्य र सुखशान्तिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भरत साह**

**वडाअध्यक्ष, गौर नगरपालिका-१**

## संक्षिप्त समाचार

### आवधिक र गुरूयोजना निर्माण सूरूवात

मणि प्रसाद गैह्रे, कपिलवस्तु। कपिलवस्तुको बुद्धभूमि नगरपालिकाले दिगो रूपमा नगर विकास गर्नका लागि आवधिक तथा गुरूयोजना निर्माणको कार्यलाई तिव्रता दिएको छ। वर्तमान अवस्थामा रहेका स्रोत साधन र सामाजिक र आर्थिक विकासलाई अध्ययन गरि नगरलाई सवृद्ध वनाउन यस्तो काम सूरूवात गरिएको नगरपालिकाले जनाएको छ। नगरपालिकाद्धारा आयोजित दुईदिने योजना निर्माणसम्बन्धी कार्यशाला गोष्ठिमा यस्तो कुराको जानकारी दिइएको हो। गोरूसिंगेमा संचालित गोष्ठिमा जनप्रतिनिधि, राजनैतिक दल समाजसेवी, उद्योगी व्यापारी, सहकारी, सामुदायिक वन शिक्षक, पत्रकार, विषयगत शाखा प्रमुख तथा प्रतिनिधीहरूको उपस्थिति रहेको छ।

### अपराधी उम्कन सक्दैनन् : गृहमन्त्री थापा

बुटवल। गृहमन्त्री राम बहादुर थापा वादलले निर्मला पन्तको बलात्कार र हत्याको घटनामा बढी राजीतिकरण भएको बताएका छन्। प्रदेश नम्वर ५ स्तरीय बुटवलमा आयोजित लागु औषध निषेध, मदिरा नियन्त्रण र महिला तथा बालबालिका हिंसा न्यूनीकरण विषयक सचेतना एवं अन्तरक्रिया कार्यक्रममा बोल्दै गृहमन्त्री थापाले उक्त कुरा बताएका छन्। गृहमन्त्री थापाले हत्या बलात्कार जस्ता अपराधका घटनालाई राजनीतिकरण नगर्न पनि आग्रह गर्दै भने अहिलेसम्म हजारौ निर्मलाहरूको बलात्कार भएको छ तर यसमा बढी राजनीतिकरण भयो। पोखरा बारा लगायतका स्थानमा भएका बलात्कारका घटनामा संलग्नलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याएको उल्लेख गर्दै निर्मलाको बलात्कार र हत्यामा सम्लग्न पनि उम्कन नसक्ने थापाको भनाई थियो।

### सीमा अपराध नियन्त्रणका लागि अभियान

चन्द्रकान्त खनाल, रूपन्देही। सीमा क्षेत्रमा तस्करी नियन्त्रणका लागि सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय भैरहवाले विशेष अभियान सुरू गरेको छ। सीमा क्षेत्रमा हुने तस्करी, लागूऔषध ओसार पसार, सिमा अपराध तथा कालाबजारी नियन्त्रणका लागि सशस्त्र प्रहरी बल कडाईका साथ लागेको सशस्त्र प्रहरी बल सीमा सुरक्षा गुल्म भैरहवाले जनाएको छ। सशस्त्र प्रहरी बल गुल्मले जिल्लाका सबै क्षेत्रमा तस्करी तथा कालाबजारी रोकथामका लागि मोबाइल गस्ती, घुम्ती चेकजाँच, सादा पोशाकका विशेष टोली परिचालन, सीमा तस्कर नियन्त्रणका लागि स्थानीयहरूसँग सहकार्य र सञ्चारकर्मीसँग छलफल जस्ता अभियानलाई अगाडी सारेको सशस्त्र प्रहरी बल सिमा सुरक्षा गुल्म भैरहवाका प्रमुख सशस्त्र प्रहरी नायक उपरीक्षक गोविन्द बहादुर खातीले बताए।

### बसको ठक्करबाट रिक्सा चालकको मृत्यु

इमरान खान, कपिलवस्तु। कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिकाको बस पार्कमा बसले ठक्कर दिँदा एक जना रिक्सा चालकको घटनास्थलमै मृत्य भएको छ। सोमबार बिहान बस पार्कबाट बा. ३ ख. ३४४९ नं. को बसले आफ्नो बसलाई ब्याक गर्ने कममा बसपार्कको छेउमा रहेको दुर्गा मान्दिरनिर बसेको रिक्सा चालक कृष्णनगर नगरपालिका वडा नं. १ सेमरा बस्ने वर्ष ४२ को सुरेश रैदासको मृत्यु भएको हो। मृतकलाई पोस्टमार्टमका लागि शिवराज अस्पताल बहादूरगंजमा पठाइएको छ। बस चालक फरार भएको तर बसलाई भने नियन्त्रणमा लिइएको ई.प्र.का.निरीक्षक सूर्य बोगटीले बताएका छन्। यो घटना घटै लगात्तै कृष्णनगरमा दोषीलाई सजाय र पीडित पक्षलाई छिटोभन्दा छिटो न्याय दिलाउन माग गर्दै समाजसेवी तथा युवा नेता अकरम पठान लगायत स्थानीयबासीहरूले चार घन्टासम्म कृष्णनगर बन्द गरेका थिए। बन्दपश्चात पीडित पक्षलाई रू ५,३०,०००/- (पाँच लाख तीस हजार रूपैयाँ) मृतकका परिवारलाई दिलाइएको युवा नेता अकरम पठानले बताए।

### हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

कपिलवस्तु। बुद्धभूमि नगरपालिकाको वडा नं. ४ मा वडा स्तरीय हाजिरी जवाफ प्रतियोगीता सम्पन्न भएको छ। भृकुटी मावि बुड्ढीमा भएको प्रतियोगीतामा नौ समूहको सहभागीता रहेको थियो। वडा भित्र रहेका बाल क्लबका बीच प्रतियोगीता आयोजना गरीएको वडा अध्यक्ष पवन थारूले बताए। जसमा सुचना बाल क्लब प्रथम, जीवन ज्योती बाल क्लब दोस्रो र न्यू हाइलाइट बाल क्लब तेस्रो भएको छ। प्रथम, दृतीय र तृतीय स्थान आउने बाल क्लबका बालबालिकालाई नगरपालिकाका प्रमुख केशव कुमार श्रेष्ठले मेलड, शिल्ड, प्रमाणपत्र प्रदान गर्नुभएको थियो। कार्यकममा बोल्दै नगर प्रमुख श्रेष्ठले वालवालिकाको चौतर्फि विकासको लागी नगरपालिकाले शैषिक क्षेत्रमा अतिरित्त कियाकलापहरू गर्ने बताए।

### बस दुर्घटना हुँदा एकको मृत्यु

धनगढी। पूर्व–पश्चिम राजमार्गअन्तर्गत पर्ने कैलालीको बल्मी सडकखण्डमा से१ख १०२५ नंको बस दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा ११ जना घाइते भएका छन्। बस दुर्घटनाबाट घाइते भएकी कैलाली गौरीगङ्गा नगरपालिका-४ राजीपुरकी ७५ वर्षीया ईश्वरी बिनाडीको पद्मा अस्पताल अत्तरियामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

### बस र ट्रक ठोक्किँदा दुईको मृत्यु

कावासोती। पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासीको कावासोती-१६ मा बस र ट्रक एकापसमा ठोक्किँदा दुईको मृत्यु भएको छ। दुर्घटनामा ३२ घाइते भएका छन्। घाइतेमध्ये ११ को अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वले जनाएको छ। नेपालगञ्जबाट काठमाडौँका लागि छुटेको ना७ख ५६२९ नं को बस विपरीत दिशाबाट जाँदै गरेको ना६ख ७७१९ नं को ट्रकसँग ठोक्किँदा सो दुर्घटना भएको हो। दुर्घटनामा परी बसचालक बाँके कोहलपुर नगरपालिका-४ का २३ वर्षीय सुरज विक र कपिलवस्तुका २४ वर्षीय लक्ष्मण थारूको मृत्यु भएको प्रहरीले जनाएको छ। दुर्घटनामा परी गम्भीर घाइते भएका ११ को भरतपुरमा, चारको मध्यविन्दु अस्पताल डण्डा र १७ को कालिगण्डकी अस्पताल कावासोतीमा उपचार भइरहेको छ। दुर्घटनास्थलमा अहिले सडक अवरूद्ध भएको छ।

### पुरिएर एकै परिवारका तीनको मृत्यु

लमही। माटोको ढिस्कोले पुरिएर एकै घरका तीन जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा राप्ती गाउँपालिका- ४ मौरीघाटका ३० वर्षीया श्यामकुमारी चौधरी, ३५ वर्षीया मीनाकुमारी चौधरी र चार वर्षीया रेजिना चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ। मीना श्यामकुमारीकी भाउजु तथा रेजिना मीनाकी भतिजी हुन्। घर पोत्नका लागि माटो ल्याउन गएका तीनैजनाको घटनास्थलमै मृत्यु भएको हो।

### पुलमुनी शव फेला

धनगढी। कैलालीको टीकापुर नगरपालिका-८ सत्ती बजार नजिकको कर्णाली नदीमाथि बनेको पुलमुनि एक व्यक्ति मृत फेला परेका छन्। पुलमुनिको 'पिलर'मा रहेको झचाङ्मा अड्किएर पानीमा तैरिरहेको अवस्थामा अन्दाजी ४२ वर्षीय एक व्यक्ति मृत फेला परेकामा मृतकको सनाखन हुन नसेको इलाका प्रहरी कार्यालय टीकापुरले जनाएको छ। शव टीकापुर अस्पतालमा राखिएको छ।

### ट्रकको ठक्करबाट मृत्यु

मोरङ। विराटनगर-रङ्गेली सडकखण्डअन्तर्गत कटहरी गाउँपालिका-३ मा ट्रकको ठक्करबाट मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ। विराटनगरबाट रङ्गेलीतर्फ जाँदै गरेको को १ख २९४४ नम्बरको ट्रकले सोही दिशातर्फ जाँदै गरेको को २५प २८९६ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार कटहरी-४ का ५० वर्षीय जगदीश गुप्ताको मृत्यु भएको हो। दुर्घटनामा गम्भीर घाइते भएका गुप्तालाई उपचारका लागि गोल्डेन अस्पताल विराटनगर पुऱ्याउने क्रममा बाटैमा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका प्रमुख निरीक्षक शिवकुमार पोखरेलले जानकारी दिए।

### गाँजासहित दुई जना पक्राउ

रौतहट। रौतहट जिल्लाको राजदेवी नगरपालिका वडा नम्बर ९ ब्रहमपुरीबाट लागू औषध गाँजासहित दुई जनालाई प्रहरीले आइतबार पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिगएको टोलीले बागमती बाँधमा गरेको ना ५१ प ९९२ नम्बरको मोटर साइकल चेकजाँच गर्ने क्रममा लागूऔषध गाँजासहित स्थानीय दुर्गा भगवती गाउपालिका वडा नं. २ वस्ने वर्ष अ.३० को संदिप पाण्डे र ऐ.ऐ. वस्ने वर्ष अ.२७ को सतिस पाण्डेलाइ पक्राउ गरेको प्रहरी नायव उपरीक्षक महेन्द्र प्रसाद मरासिनीले बताएका छन्।

# एकताको प्रथम राष्ट्रिय महाधिवेशन ऐतिहासिकरूपमा सम्पन्न हुन्छ



## विवेक राई
### अध्यक्ष, समाजवादी विद्यार्थी फोरम, नेपाल

**० समाजवादी विद्यार्थी फोरम नेपालको प्रथम राष्ट्रिय महाधिवेशनको तयारी कस्तो छ ?**

– हामीले राष्ट्रिय एकताका लागि प्रथम राष्ट्रिय महाधिवेशनलाई भव्यरूपमा सम्पन्न गर्न युद्धस्तरमा तयारी गरिरहेका छौं । हाम्रो एकताको महाधिवेशनलाई भव्य बनाउन हाम्रा सम्पूर्ण साथीहरू लाग्नुभएका छन् । तयारीस्वरूप हामी योजनाबद्धरूपमा लागेका छौं । ऐतिहासिकरूपमा एकताको महाधिवेशन सम्पन्न गर्न सबै खालका कार्यक्रमहरू अहिले अन्तिम चरणमा रहेको छ ।

**० एकता महाधिवेशनको मूल नारा के हो ?**

– 'संघीय समाजवादी शिक्षा प्रणाली समृद्ध राष्ट्र निर्माणको मूल आधार, संघीय समाजवादी क्रान्तिको समाजवादी विद्यार्थी फोरम नेपालको ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशन' भन्ने मूल नाराका साथ हामी महाधिवेशनमा होमिएका छौं ।

**० एकता महाधिवेशनका लागि अध्यक्षको दाबेदार तपाईं पनि हुनुहुन्छ ?**

– यसपटक अध्यक्षको दाबेदार म छैन । हामी अब नयाँ साथीहरूलाई मौका दिएका छौं । अध्यक्षका लागि अहिले उम्मेदवारी दर्ता भएको छैन । तर, म बाहेक अन्य साथीहरूबीच प्रतिस्पर्धा हुनेछ । म यसपाली समाजवादी विद्यार्थी फोरमबाट विदा हुँदैछु ।

**० महाधिवेशनका लागि प्रदेश २ को अस्थायी राजधानी जनकपुरधाम नै किन तोक्नुभयो ?**

– यसका विभिन्न कारणहरू छन् । जस्तै, हामीले हिमाल, पहाड र तराई-मधेशलाई भावनात्मक रूपमा जोड्नुपर्ने छ । जनकपुरधाम एउटा नेपालकै ऐतिहासिक ठाउँ हो । यो ऐतिहासिक ठाउँबाट एउटा सञ्चार प्रवाह गर्नुपर्ने छ । सिंगो देश एक ढिक्का छौं भन्ने सन्देश दिन खोजेका छौं । हामी समानता, न्याय, सबै जातिको अधिकार समान हुनुपर्छ भन्ने मान्यता हो । राष्ट्रिय एकता र अखण्डताका लागि तराई, पहाड र हिमालका मान्छे एक हौं भन्न खोजेका छौं । मुलुकमा विभिन्न पूर्वाधारहरू हुँदाहुँदै पनि गरिब बनाइराख्ने गलत राजनीतिका विरूद्ध हाम्रो अभियान हो । त्यसैले, यो ऐतिहासिक जनकपुरधामबाट एउटा सन्देश दिनका लागि समाजवादी विद्यार्थी फोरम नेपाल यो देशको सबैभन्दा सशक्त र नेपाली विद्यार्थी आन्दोलनका सबैभन्दा ठूलो संगठनको रूपमा स्थापित हुन्छ । विद्यार्थी फोरमले समाजवादी क्रान्ति र संघीय प्रणालीलाई लागू गर्दै देशलाई समृद्धिको बाटोमा डोऱ्याउने हाम्रो लक्ष्य हो ।

**० खासगरी विद्यार्थी संगठनहरू आफ्ना माउपार्टीको लठैतको रूपमा प्रस्तुत हुँदै आएको देखिन्छ । तपाइँको पार्टी पनि अहिले सरकारमा छ । त्यसोभए तपाइँहरू अन्य संगठनभन्दा कसरी फरक हुनुहुन्छ ?**

– हाम्रो पार्टी सरकार होस् वा सडकमा समाजवादी विद्यार्थी फोरम भनेको सधैं प्रतिपक्षीको भूमिकामा रहन्छ । अहिले राज्यसत्तामा जोसुकै जाओस् हामी सधैं प्रतिपक्षको भूमका खेल्छौं । हाम्रो वैचारिक कुराहरूलाई हाम्रो पार्टीले सम्बोधन गर्छ भने समर्थन गर्छौं होइन भने विरोध र भण्डाफोर गर्छौं । जनताको अधिकार र शैक्षिक मुद्दामा हामी खरो रूपमा उभिन्छौं । हामीले मुलुकमा रहेका सबै खालका असमानतालाई अन्त्य गर्नका निम्ति संघीय शिक्षा प्रणाली स्थापित गराउँछौं । यो राष्ट्र निर्माणको मूल आधार हो । हाम्रो पार्टीले यदि गलत विचार लिएर काम गर्छ भने पार्टीको विरूद्धमा भण्डाफोर गर्छौं र यदि सही काम गर्छ भने सहयोग गर्छौं । त्यसैले समाजवादी विद्यार्थी फोरम नेपाल विद्यार्थी र जनताको पक्षमा सधैं लडिरहनेछ । हाम्रो पार्टी सरकारमा हुँदा पनि सरकारले नराम्रा निर्णय गर्दा आन्दोलन गरेकै छौं ।

**० अहिले नेपाली विद्यार्थी आन्दोलनको अवस्था के छ ?**

– यतिबेला ठ्याक्कै भन्ने हो भने नेपाली विद्यार्थी आन्दोलन स्खलित अवस्थामा छ । नेपाली विद्यार्थी आन्दोलनलाई सत्ताले अन्यन्तै नजिकबाट दुरूपयोग गरेको छ । सत्ताधारी पार्टी होस् वा विपक्षीले विद्यार्थी आन्दोलनलाई आफ्नो स्वार्थपूर्ति गर्ने हतियारको रूपमा प्रयोग गर्दै आएका छन् । त्यो हतियारको रूपमा समाजवादी विद्यार्थी फोरम नेपाल अहिलेसम्म प्रयोग भएको छैन, हामी सचेत छौं । नेपाली विद्यार्थी आन्दोलनलाई अहिले नयाँ कोर्षमा पुऱ्याउने प्रयास समाजवादी विद्यार्थी फोरमले गरेको छ । समाजवादी विद्यार्थी फोरमबाहेक अन्य पार्टीका विद्यार्थी संगठनहरू कुनै अमुक जाति वा वर्गको वकालत गरिरहेका छन् । तर, समाजवादी विद्यार्थी फोरम नेपाल सम्पूर्ण देशको समानता र न्यायका निम्ति उठाउँदै आएको छ ।

**० जसरी अन्य पार्टीले विद्यार्थी आन्दोलनलाई दुरूपयोग गरेको भन्नुहुन्छ, त्यसरी नै तपाइँको पार्टीले दुरूपयोग गरेको छैन ?**

– हाम्रो पार्टी केन्द्रीय सरकारमा हुँदा पनि देश र जनताको विरूद्धमा यदि हाम्रो पार्टी लाग्छ भने हामी पार्टीका विरूद्ध पनि आन्दोलन गर्छौं । जनतालाई अधिकार र पहिचानविहीन बनाउने काममा हाम्रो पार्टी लाग्छ भने जुनसुकै बेला पनि पार्टीभित्र विद्रोह गर्छौं, पार्टीलाई सच्याउन आग्रह गर्छौं । तर, अहिलेसम्म हामीलाई पार्टीले दुरूपयोग गरेको छैन । हामीले आशा गरेका छौं कि हाम्रो पार्टीले गलत निर्णय गर्ने छैन ।

**० महाधिवेशनको सन्दर्भमा के भन्न चाहनुहुन्छ ?**

– समाजवादी विद्यार्थी फोरम नेपालको यो महाधिवेशन एकताको प्रथम महाधिवेशन हो । त्यसकारणले यो महाधिवेशन ऐतिहासिक छ । यो राष्ट्रिय महाधिवेशनलाई सफल पार्नका निम्ति सबै पक्षबाट सहयोगको अपेक्षा राखेका छौं । यो राष्ट्रिय महाधिवेशनलाई सफल बनाउन सबैले आआफ्नो ठाउँबाट सहयोग गर्न अपिल पनि गर्छौं ।

**यतिबेला ठ्याक्कै भन्ने हो भने नेपाली विद्यार्थी आन्दोलन स्खलित अवस्थामा छ । नेपाली विद्यार्थी आन्दोलनलाई सत्ताले अन्यन्तै नजिकबाट दुरूपयोग गरेको छ ।**

## भारतले पुस्तकालय पुनर्निर्माण गर्ने

काठमाडौं । भारतले भूकम्पबाट क्षतिग्रस्त भएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय भवन निर्माण गर्न अनुदान सहयोग गर्ने भएको छ । सन् २०१९ देखि निर्माण सुरू हुने पुस्तकालय दुई वर्षभित्र निर्माण सम्पन्न हुनेछ । त्यसनिम्ति नेपालस्थित भारतीय दूतावासले प्राविधिक नापजाँच गराइसकेको छ भने नेपाली वास्तुकलाअनुसारको नक्सा पाससमेत गराइसकिएको छ ।

नेपाल र भारतीय सहयोग मिसनले २०२४ सालमा निर्माण गरेको पुस्तकालय भवन २०७२ को भूकम्पले जीर्ण भएको छ । उक्त जीर्ण भवनलाई पुनर्निर्माण गरिनेछ । साथै, बीच भागमा रहेको विद्यमान ठूलो भवनलाई यथावत् राखेर त्यसको पश्चिम-दक्षिणको खुला मैदानमा नयाँ भवन निर्माण गरिने भएको छ । पुस्कालयका उपप्रमुख पूर्णलाल श्रेष्ठका अनुसार पुनर्निर्माणमा १६ करोड रूपैयाँ लागत लाग्ने अनुमान छ । पश्चिमी मोहडामा बन्ने भवनको लम्बाइ १ सय १४ फिट र चौडाइ ८० फिट रहनेछ । उक्त बजेटले भवन निर्माणसँगै फर्निचर, पुस्तकालयका निम्ति आधुनिक प्रविधि जडानसमेत गरिनेछ ।

## पोखरेल सम्मानित

काठमाडौं । पत्रकार एवं मिडिया उद्यमी शम्भु पोखरेललाई 'भारतीय न्युजपेपर एशोसिएसन' ले 'कलम के सिपाही अवार्ड' प्रदान गरेको छ । मिडिया उद्यमी वर्ल्ड ट्रेड ग्रुपका अध्यक्ष तथा बिजनेश टेलिभिजनका कार्यकारी अध्यक्ष पोखरेललाई पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उत्तर प्रदेशमा आयोजित कार्यक्रममा एशोसिएसनको २४ औं वार्षिकोत्सवको अवसरमा सम्मान गरिएको हो । एशोसिएसनमा १० हजार भन्दा धेरै पत्रपत्रिका तथा पत्रकार सक्रिय सदस्य छन् ।






## स्थानीय सम्वाद

# शुद्धोधन नमुना गाउँपालिका बन्नेछ



## निसार अहमद खाँ
### अध्यक्ष, शुद्धोधन गाउँपालिका, कपिलवस्तु

**० शुद्धोधन गाउँपालिकामा कस्ता विकासका कामहरू भएका छन् ?**

– यस गाउँपालिकामा थुप्रै विकास निर्माणका कामहरू भएका छन् । हामीले दीर्घकालीन योजनाहरू पनि थालेका छौं । बेहती खोलामा पाँच करोड ८० लाखको लगानीमा पुल बनाउन लागेका छौं । लबनीमा एम्बुलेन्स थिएन, एम्बुलेन्सको व्यवस्था गरेका छौं । त्यो एम्बुलेन्स आधा भाडा लिएर जनतालाई सेवा दिइरहेका छौं । औषधिको कमी हुन दिएका छैनौं । शिक्षाको स्तर उकास्न पनि हामीले लगानी लगाएका छौं र निगरानीसमेत गरिरहेका छौं । गाउँमै स्तरीय पढाईका लागि लगानी र निगरानी दुइटै गरिरहेका छौं । पक्की नालीसहित सडक पनि बनाएका छौं । मन्दिर र मस्जिदहरूमा सरसफाई, मर्मतका साथै बत्तीको पनि व्यवस्था गरेका छौं ।

**० तपाइँहरूले जे जति कामहरू गर्नुभएको छ, ती कामबाट जनता कति सन्तुष्ट छन् ?**

– हाम्रो कामबाट जनता एकदमै सन्तुष्ट छन् । तर, हाम्रा राजनीतिक प्रतिद्वन्द्वीहरूलाई हामीले गरेका कामहरू अपच भएको छ । हामीले राम्रो काम गर्दा जसरी पनि विवाद ल्याउने प्रयासमा हुन्छन् । मैले अहिलेसम्म साढे १७ करोड बराबरको विकास निर्माणका कामहरू सम्पन्न गरिसकेको छु । मास्टर प्लानका लागि मैले यस वर्ष २० लाख रूपैयाँ छुट्याएको छु । यसका लागि छिट्टै विज्ञापन गर्दैछौं । त्यसैले जनताबाट कुनै किसिमको गुनासो छैन । गाउँमा भइरहेको विकास निर्माणबाट जनतामा एक किसिमको उत्साह देखिएको छ । हाम्रो गाउँपालिकामा सबभन्दा महत्वपूर्ण एम्बुलेन्स र पुलियाको काम भएको छ । पहिला पहिला वर्षात्को मौसममा गाउँमा हिलो हुने गर्दथ्यो । तर, अहिले हामीले २४ वटा गाउँमा पक्की नाली पीसीसी गराएका छौं । फोहोर व्यवस्थापनका लागि व्यवस्था मिलाएका छौं । गाउँपालिकामा रहेका अपाङ्गहरू जो हिंड्नै सक्ने अवस्थामा थिएनन् उनीहरूलाई ह्वीलचेयर वितरण गरेका छौं । यस्तै, यो वर्ष अपाङ्गहरूका लागि १० रूपैयाँ छुट्याएका छौं । तिनीहरूका लागि तीन पाङ्ग्रे स्कूटी वितरण गर्ने तयारी पनि गरेका छौं । हाम्रो गाउँपालिकाभित्र एउटा पनि यस्तो गाउँ छैन जहाँ पक्की नाला र ग्राभेलको बाटो छैन । त्यसैले मैले आफ्नो क्षमताभन्दा बढी काम गरेको छु ।

**० कृषि क्षेत्रमा के-के व्यवस्था गर्नुभएको छ ?**

– किसानहरूको हक कृषिका लागि पनि हामी विभिन्न सुविधाहरू उपलब्ध गराएका छौं । कृषकहरूलाई सिँचाइका लागि १७ वटा बोरिङ्ग जडान गरेका छौं । मल खाद्को सहज उपलब्धताका लागि पनि पहल गरिरहेका छौं । गहुँ र धानको बीउ पनि सहुलियत मूल्यमा वितरण गरेका छौं । यस्तै, हरियाली वातावरण बनाउन आँप र लिचीको विरूवा पनि वितरण गरेका छौं । यस वर्ष पनि बोटविरूवा रोप्ने योजना छ । कृषकलाई प्रोत्साहन स्वरूप गाई फारम, भैंसी फारमका लागि ५०-५० हजार रूपैयाँ दिएका छौं । गाईवस्तुलाई घाँसका लागि पनि रकम छुट्याएका छौं ।

**० स्थानीय निर्वाचनपछि सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो । यो नारालाई तपाइँका जनताले महसुस गर्न पाएका छन् ?**

– हाम्रो कामबाट जनता एकदम सन्तुष्ट छन् । तर, सिंहदरबार गाउँ गाउँमा भन्ने कुरालाई हामीले महसुस गर्न पाएका छैनौं । किनभने सिंहदरबारबाट आउनुपर्ने सम्पूर्ण कार्यालयहरू यहाँ आएका छैन । सिंहदरबारभन्दा पनि हामीले गर्न सक्ने सम्पूर्ण काम गरिरहेका छौं तर, पूर्णरूपमा महसुस हुन सकेको छैन ।

**० नीति तथा कार्यक्रमहरूमा प्राथमिकताहरू केके छन् ?**

– जनताका बीचमा गरेका केही प्रतिबद्धतामा छ । करोड रूपैयाँको लागतमा गाउँपालिकाको वडा नं.- ६, महादेव उत्तरमा पर्ने बेती नदीमा पुल निर्माणलाई प्राथमिकताका आधारमा कार्यलाई तीब्रता दिएका छौं । कन्या कलेजको स्थापनाको तयारी गरेका छौं । कृषि र पशुपालनमा व्यावसायिक, प्रविधिमैत्री उत्पादनलाई समेत प्राथमिकतामा राखिएको छ । पूर्वाधार विकास निर्माणलाई पनि अगाडि सारेका छौं ।

**० तपाइँ आफ्नो पाँचवर्षे कार्यकालमा गाउँपालिकाको मुहार कस्तो हुनेछ ?**

– मैले पाँच वर्ष यो गाउँपालिकालाई नमुना गाउँपालिका बनाउँछौं । किनभने जिल्लामा अन्य स्थानीय तहहरूले प्रत्येक वडाका लागि एक करोड रूपैयाँभन्दा बढी बजेट विनियोजन गरे तर हामीले खुद्रा योजना सँगसँगै बजेटलाई समेत व्यापक बनाएर योजना कार्यान्वयन गऱ्यौं । हामीले विकासमा समान अधिकारका लागि प्रत्येक वडालाई दुई करोड २५ लाख रूपैयाँका योजना बनाउने अधिकार सुम्पिएका थियौं, जहाँ सबै योजनाहरू शत प्रतिशत सम्पन्न भएका छन् । प्रत्येक आर्थिक वर्षमा सीमित बजेट विनियोजन गर्ने अनि त्यही योजनालाई प्रत्येक आवमा बजेट छुट्याउने परिपाटी आशिंक तहमा देखियो । यो मानेमा हामीले पाँच वर्षमा गर्न नसकेको काम एकै वर्षमा सम्पन्न गरेका हौं ।

**० करको विषयमा धेरै गुनासाहरू आइरहेका छन्, तपाइँको नगरपालिकामा के अवस्था ?**

– हामीले कुनै नयाँ कर लगाएका छैनौं । करको दायराभन्दा सेवालाई प्राथमिकता दिएका छौं । देशको विकासका लागि सबैले कर तिर्नुपर्छ । पछिल्लो समय जुन हल्ला आइरहेको छ, यो असत्य छ जस्तो लाग्छ मलाई । हामीले स्थानीय तहमा घटना दर्ता गर्छौं, घटना दर्ता गर्दा ३५ दिनभित्र आएमा हरेक नागरिकले हरेक स्थानीय तहमा निःशुल्क पाउँछ । ३५ दिनपछि मात्र विलम्ब शुल्क लाग्छ, त्यो कर होइन। यहाँ कर र जरिवानालाई एउटै रूपमा हेरिएको छ, त्यस्तो होइन, यो फरक कुरा हो । हामीले उठाएको करको विषयमा जनगुनासो कहीं आएको छैन ।

## विश्व परिवेश

# सिन्चियाङ्गमा अशान्तिको मूल कारण

-अल्लाबक्श

चीनको आधिकारीक मुख्य पत्रिका 'ग्योबल टाइम्स'ले २३ जुलाई, २०१८को अंक मार्फत ३०० युधुर धार्मिक अतिवादीहरू आई.एस.आई.एस.को तर्फबाट सिरियामा लड्नका निमित्त उडेको देखाइए पनि त्यसमध्येका केही चीनको सिन्चियाङ्गमा अशान्ति मचाउन फर्किसकेको कुरो आफ्ना तीनवटा लेखहरू मार्फत सार्वजनिक गरेको छ। त्यस्तै अगस्त १४ को अंक मार्फत आतंक विरोधी प्रयासलाई निस्तेज पार्न र सिन्चियाङ्गमा शान्ति कायम गर्न कानुन बनाउन अत्यावश्यक भएको समेत उल्लेख गरिएको छ। संयुक्त राष्ट्रको जातीय भेदभाव उन्मूलन समितिमा चिनियाँ प्रतिनिधिमण्डलको सदस्य हु लिआनोको लेखमा "स्वाभिमानको स्वतन्त्रता, आर्थिक तथा सामाजिक अधिकारहरू, नागरिक तथा राजनीतिक अधिकारहरू लगायत सिन्चियाङ्गमा रहेका हरेक जातीय संगठनहरूका अन्य अधिकारहरू कानुन र व्यवहारका समेत पूर्णरूपले प्रत्याभूत गरिएको" समेत उद्धृत गरिएको छ। चिनियाँहरू सही रूपमा चिन्तित हुनुको कारण खासगरीकन आई.एस.आई.एस.का तर्फबाट सिरियामा लड्न गएका युधुर इस्लामिक आतंकवादीहरू ३०० देखि ३००० सम्ममध्येबाट फर्केर आएकाहरूले गर्दा हो। चिनियाँहरूले सन् २००९ देखि हालसम्म उहम्कीमाथि आक्रमण गर्दै आउनुका साथै सिन्चियाङ्गमाथि प्रहरी राज्य-कानुन लागू गरी सि.सि.टी.भी. युक्त प्रतिबन्ध समेत तिनिहरूका धार्मिक गतिविधिमाथि लगाउनुका अतिरिक्त युधुर समुदायकाले नवजात शिशुहरू पारम्पारिक मुसलमान नाम नराख्नुका साथै दाह्रीसमेत नबढ्ाउन माथि प्रतिबन्ध लगाइसकेको छ। सिन्चियाङ्ग र चीनका अन्य भू-भागहरूमा रहेको दुई मुसलमानहरूका धार्मिक कियाकलापहरूमाथि चीन सरकारले हालसम्म विशेष निगरानी राख्दै आएको छ। हालै वेईभ्फाउमा निर्माण गरिएको हुई समुदायको राम्रो मस्जिद स्तरीय नभएको भनी स्थानीय अधिकारीहरूले भत्काउन लगाए पछि व्यापक स्तरमा विरोध कार्यक्रम संचालन गरिएको थियो। तर चिनियाँ अधिकारीहरू र विज्ञहरूले वास्तवमा त्यस्तो कुनै विभेद नगरिएको अभिव्यक्ति दिएकाछन्। तर जे भए पनि चीनले कजाकस्तानमा अतिवादीहरूले प्रयोग गर्ने प्रविधिसँग अन्य कैदीहरूको प्रविधि छुट्याउनेमाथि निगरानी गर्दै आएको छ। जसले गर्दा सिन्चियाङ्गमा सहयोग नपुगोस ? यसमा कुनै शंका छैन कि धार्मिक अतिवादीहरू चीनका लागि त्यस्तै चुनौतीपूर्ण रहेको छ जस्तो कि विश्वका अन्य देशहरूका लागि रहेको छ ? तर राज्यको बढ्दो दबाबका कारण सिन्चियाङ्गका युधुर समुदायका अल्पसंख्यकहरू बढी नियन्त्रणमा राखिएका धार्मिक अतिवादीता उग्रतर हुन पुगेको छ। मानव अधिकारवादी संस्थाले चिनियाँ प्रहरीले नियमित रूपमा सिन्चियोगका हरेक नागरिकहरूमा कम्प्युटर र मोबाइल संचालन सम्बन्धी कार्य हस्तक्षेप गर्दै अल्पसंख्यक युधुर मुसलमान समुदाय सम्बन्धी सूचना- संकलन, तिनिहरूको ऐतिहासिक भ्रमण, प्रार्थना गर्ने चलन, तिनीहरूले राख्ने गरेका पुस्तकहरू, बैंकिङ्ग कारोबार तथा स्वास्थ्यसम्बन्धी अभिलेखहरूमा हस्तक्षेप गर्दै आएको छ भने तिनिहरूका सवारी साधनहरूको नम्बर प्लेट र तिनिहरूले प्रयोग गर्ने गरेको क्यामेराहरू समेतलाई अपराधसूचक ठानेर चेतावनी दिदै आएको छ। चीनको डिजिटल टाइम्सले पूर्व तिब्बत पार्टीका सचिव चेन स्वान्गोको सफलता देखेर उनलाई सिन्चियोगमा रोकेर राख्नुका साथै सिन्चियोगको पुनः शिक्षा प्रणालीलाई वेवास्ता गरेर चीनले आधिकारीरूपमा समाप्त पारेको पुनः शिक्षा कार्यकमलाई मजदुर प्रणाली मार्फत प्रयोगमा ल्याएको थियो।

कसैले सोध्न सक्छ कि त्यस्तो पुनः शिक्षा केन्द्र कही छ भन्ने त्यसको कुनै प्रमाण छ त ? चिनियाँ सञ्चार मध्यमले हालै यदि युधुरहरू अर्को क्षेत्रमा गैसकेका छन भने सिन्चियोगमा व्यापक स्तरमा गरिबी निवारण कार्यकम कहाँ संचालन गरिएको छ भन्ने प्रश्न तेर्स्याएका छन्। उदारणका लागि 'पिपुल्स डेली'ले ६ जुलाई, २०१८ को अंक मार्फत गरिबीले ग्रस्त ४,६१,००० त्यस क्षेत्रका निवासीहरू वर्षको पहिलो चौथाई अवधिका नै अर्को क्षेत्रमा गैसकेका थिए-शायद त्यस क्षेत्रको "सामाजिक स्थिरता र गरीबी निवारणलाई" सघाउन निमित्त नै कि ?

चिनियाँ विशेषज्ञहरू तर्फ दिन्छन् कि- "घरबाट बाहिर काम गर्न पठाउने कार्यले तिनिहरूलाई चीनको अन्य भागसँग राम्ररी जोड्नुका साथै पछि सिन्चियोगमा तिनिहरू प्रतिभालाई फर्केपछि राम्ररी उपयोग गर्नेछन्, जसले क्षेत्रीय सुरक्षालाई समेत पुनःस्थापित गर्नेछ। यही हो तथाकथित "व्यावसायिक शिक्षा कार्यकमहरूले" गर्दा ३३१ गाउँका ३,१७,४०० मानिसहरू गरीबीका कारण बाहिरिएका थिए ? यस्ता नयाँ विचार धाराहरू कहाँबाट आइराखेका छन् ? स्पष्ट छ कि चीन सरकार सन् २०१७ मा राष्ट्रपति सी जिनपिङ्गले सिन्चियोगमा शान्ति र सुरक्षा प्रवर्द्धन गर्ने "ग्रेट वाल अफ आइरन" (फलामको ठूलो पर्खाल) निर्माण गर्ने घोषणाबाट उत्प्रेरित रहेको छ ? सिको सिन्चियोगमा 'फलामको पर्खाल' (wall of iron) प्रधानमन्त्री विन्स्टन चर्चिलले सन् १९५० मा कम्युनिष्ट सोवियत युनियनलाई भनेको 'फलामको पर्दा (iron curtain) उखानको सम्झना गराउँछ ? गत वर्ष र राष्ट्रपति भ्फि त्यो बेजिङ्गमा भएको नेशनल पिपुल्स कांग्रेसको वार्षिक सत्रमा सिन्चियोगका विधायकहरूलाई पाखा लगाउन पनि 'फलामको पर्खाल' शब्दको उच्चारण गरेको थिए ? यो एकदम स्पष्ट छ कि सिन्चियोयका युधुर र अन्य अल्पसंख्याकहरू विरूद्ध भैरहेको अत्याचारका कारण अन्तर्राष्ट्रिय संगठनले आवाज उठाउनै पर्छ। संयुक्त राष्ट्र मानव अधिकार आयोगले यस्ता मुद्दाहरू थुप्रै देशहरूमा उठाएर पनि चीनको मामलमा चुप लागेर बसेको छ। शायद त्यसको कारण संयुक्त राष्ट्रयले सिन्चियोगमा चीनको ज्यादै नराम्रो मानव अधिकारको अवस्था प्रदर्शित गर्नु रहेको छ , जो वास्तवमा चीनको सिन्चियोगका अल्पसंख्यकहरू प्रति चीनको राज्य-नीति नै रहेको छ ?

*– एजेन्सीको सहयोगमा*

# अल्पसंख्यक उग्रवादीहरूले तर्साउँदै आएका छन्

एजेन्सी। पाकिस्तानको राष्ट्रव्यापी निर्वाचनहरूमा लाखौँले मतदान गरेको कुरो त्यति महत्व राख्दैन जति कि इस्लामिक उग्रवादीहरूले त्यस कममा राजनीतिक वैधता प्राप्त गरेको कुरो महत्वपूर्ण हुन आएको छ। मुम्वईमाथिको आकमणका मुख्य संचालक हफिज सईदबाट तिनिहरूले अत्याध्यमिक र राजनीति प्रेरणा प्राप्त गर्ने कुरोलाई भारतले सम्झनु आवश्यक हुन आएको छ। ओसामा बिन लादेनले एक पटक अध्ययन गरेको मदरसाहरूले खतरनाक उग्रवादीहरूलाई जन्माउँदै आएको देशको सबभन्दा ठूलो व्यापारीक राजाधानी कराँचीमा तहरीक-ए-लबैक पाकिस्तान (टी. एल. पी.) भन्ने उग्रवादी संगठन नयाँ शान्तिको रूपमा सबभन्दा बढी मत प्राप्त गरेको दावी गर्नु नौलो चुनौती बन्न आएको छ। बरेल्वी समूहका मुख्य पाँच वटा इस्लामिक दलहरूका संगठन मुताहिदा मजलिस-ए-अमालको जनसमर्थनलाई टी. एली. पी.समाप्त पारेको टिप्पणी विश्लेषकहरूले गरेका छन्। तुलनात्मक रूपले हेर्दा वरेल्वी समूह निरन्तर रूपले इस्लामिक देओबन्दी समूहसँग संघर्षरत रहे पछि पर्न गएको हो। एक विश्वस्त र अग्रणी टी.एल.पी. ले पंजाबका राज्यपाल सलमान तासीरका आरोपित हत्यारा र स्वयं स्वीकार गरेको मुमताज कादीको हत्या पछि राम्रो प्रगति गरी उच्च स्थान बनाउनु विकासको परिचायक भन्ने दावी गरेको छ। पूर्वमा तहरीक लबैक या रसुल अल्लाह रहेको बाट गतवर्ष टी. एल.पी. भन्ने राजनीतिक पार्टीमा परिवर्त्तित भएपछि देश व्यापी रूपमा धर्ना र हड्तालसँगै संसदका विधायकहरू विरूद्धसमेत आवाज उठाएको कारण टी. एल.पी.ले त्यति माथि पुग्न गएको दावी समेत गरेको छ। इस्लामवाद-पेशावर सम्बन्धी मुख्य धर्ना कैयौँ दिनसम्म चलेपछि सेनाले नागरिक सरकारलाई खादिम हुसैन रिज्वी नेतृत्वका विरोधीहरूसँग कुरा गर्न सल्लाह दिएपछि तत्कालीन कानुनमन्त्रीले राजीनामा दिए पछि त्यो विराम भएको थियो। टी.एल.पी.का बिलाल गाजीले-" हाम्रो राष्ट्रिय सभाका उम्मेद्वारहरूका पक्षमा कराँचीमा ३,२१,००० मत प्राप्त गरेका थियौँ भने सिन्ध सभाका लागि समेत ज्यादै मत प्राप्त गरेपछि हामी दुई प्रान्तीय सभाका सीटहरूमाथि विजयी भएको" बताएका थिए।

'डाँन' पत्रिकाले गाजीको भनाई यस प्रकार सार्वजनिक गरेको थियो-' गाजीले तीन प्रान्तीय सभा र एक राष्ट्रिय सभाको पदको नतिजा परिवर्त्तित गरिएको भन्दै- "हामीले कम्तीमा सिन्धमा छ र राष्ट्रिय सभामा एक स्थानमा विजय प्राप्त गर्ने थियौँ।" सार्वजनिक गरेको थियो। वरेल्वी समूहका मूलधारका राजनीतिक दलहरूले आफ्नो पराजय स्वीकार गर्न तयार नभए पनि टी. एल. पी. का लागि बढी जनताले मतदान गरेको स्वीकारेको छ। पाकिस्तान निर्वाचन आयोगले तिनीहरूको झण्डालाई अस्वीकृत गरी दिएको कारण सुन्नी उग्रवादीहरू अग्रणी बन्न पुगेको थियो। पाकिस्तान निर्वाचन आयोगको सूची अनुसार पन्जाब एसेम्बली जम्मा २९७ सीट मध्ये २९० सीटको आम निर्वाचनमा चारवटा धार्मिक दलहरू तथा संगठनहरूबाट ५८५ जना निर्वाचनमा सहभागी रहेका थिए भने केही अन्य स-साना धार्मिक पार्टीहरू जस्तै पाकिस्तान सुन्नी तहरीक र मुताहिदा उलेमा-ए-मशैख काउन्सिल अफ पाकिस्तान समेत पन्जाबको निर्वाचनमा सहभागी रहेका थिए। टी.एल.पी. ले कराँचीको दुई प्रान्तीय स्थानमा जितेर सबैलाई चकित तुल्याए पनि उसको निरन्तरको कियाकलापहरू पन्जाव र सिन्ध प्रान्तका शहरहरूमा मात्र वर्चश्व रहेको छ। पाकिस्तान मुस्लिम लिग-एन भन्ने मुख्य प्रतिस्पर्धी र सत्तासीन पाकिस्तान तहरीक-ए-इन्साफ भन्ने दुबै अग्रणी र सही दलहरू आम निर्वाचनमा सहभागी रहे पनि टी.एल.पी. समूहगत विश्वासका आधारमा दुबैलाई धेरै पछाडि धकेली अग्रणी बन्न पुगेको छ। जुलाई २५ को आम निर्वाचनले टी.एल.पी. को अप्रत्याशित रूपमा पुरानो धार्मिक दलहरूलाई चुनौती दिँदै आफ्नो वर्चश्व स्थापित गरिसकेको छ। मुताहिदा एजलिस-ए-अमाजले खिनर पख्तुनखावा समेतमा आफ्नो आधिपत्य जमाइसकेको छ। यसको मतलब यो होइन कि मौजानाहरूले देशको राजनीतिमा स्थान बनाएको छैन। पाकिस्तान पिपुल्स पार्टीले ४३ स्थान प्राप्त गरेर तेस्रो स्थान प्राप्त गरे पनि ६.८ लाख मत मात्र प्राप्त गरेको थियो भने टी.एल.पी. र मुताहिदा मजलिस -ए-अमाजले समेत सँगै मिलेर ४ लाख मत प्राप्त गरेको थियो। एक सावधानीपूर्ण विश्लेषणबाट यो स्पष्ट हुन आएको छ कि त्यस्ता धार्मिक पार्टीहरू तथा संगठनहरूका उम्मेदवारहरूले सम्भवतः पहिलो पटक देशको सबभन्दा ठूलो प्रान्तीय सभामा कुल सीटको भन्दा ज्यादै स्थानमा वा कुल स्थान भन्दा गुणा बढी सीटमा सहभागिता जनाएको थियो। पाकिस्तान निर्वाचनको तथ्यांक अनुसार पञ्जाबी विधानसभाको कुल २९७ सीट तिनीहरूका ५८५ जना उम्मेदवारहरू सहभागिता जनाएका थिए। विश्लेषकहरूले टी.एल.पी. र त्यस्तै अन्य संगठनहरू पाकिस्तानको मूलधारका दलहरूका लागि ठूलो चुनौती बनी भविष्यमा राजनितिक अधिकार समेत प्राप्त गर्ने सम्भावना देखिएको छ।

सङ्घीयताको महत्वपूर्ण सारः
मानव बेचविखन अन्त्यका लागि जिम्मेवार र सहकार्य सहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## पाइपलाइन परियोजना निरीक्षण

काठमाडौं। अमलेखगञ्ज-मोतिहारी पेट्रोलियम पाइपलाइन परियोजना निर्माणको अवस्थाबारे नेपाल र भारतका मन्त्रीहरूले अमलेखगन्जस्थित डिपोको 'स्टेशन वर्क' स्थलगत निरीक्षण गरेका छन्। नेपालका तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मात्रिकाप्रसाद यादव र आपूर्ति मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरे तथा भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री धर्मेन्द्र प्रधान र भारतीय आयल कर्पोरेशनका उच्च पदाधिकारीले निरीक्षण गरेका हुन्। दुवै देशका मन्त्रीहरूले अमलेखगन्जस्थित डिपोको स्टेशन वर्कको निरीक्षण, पाइपलाइन निर्माणको अवस्था तथा प्रगतिबारे जानकारी लिएका थिए। नेपालतर्फ हालसम्म ५० प्रतिशत पाइपलाइन बिच्छ्याउने कार्य सम्पन्न भएको छ।

## जानकी मन्दिरमा पूजाअर्चना

काठमाडौं। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मात्रिकाप्रसाद यादव र भारतका पेट्रोलियम तथा प्राकृतिक ग्यासमन्त्री धर्मेन्द्र प्रधानले संयुक्त रूपमा जानकी मन्दिरमा पूजाअर्चना गरेका छन्। जानकी मन्दिरको दर्शन तथा पूजाअर्चनापश्चात सञ्चारकर्मीसँग कुरा गर्दै पेट्रोलियम मन्त्री प्रधानले भारतबाट निर्वाध रूपमा पेट्रोलियम पदार्थ नेपाल भित्रियोस् भन्ने चाहेको बताए। उनले नेपाली जनताको सुविधाका लागि निर्वाध रूपमा पेट्रोल पठाउन मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलानको काम तीव्र गतिमा भइरहेको पनि बताए।

## जिल्ला समाचार

### जनकपुरधाममा पनि गान्धी जयन्ती मनाइयो

जनकपुरधाम। १५०औं गान्धी जयन्ती तथा अन्तर्राष्ट्रिय अहिंसा दिवस जनकपुरधाममा सरसफाई गरी मनाइएको छ। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको प्रमुख आतिथ्यतामा भएको वृहत सरसफाई कार्यक्रममा प्रदेश सभा सदस्य तथा सफाई अभियन्ता राम अशिष यादव, प्रदेश सभा सदस्य चमेली देवी दास लगायत विभिन्न क्षेत्रका प्रवुद्ध व्यक्तिहरू, विभिन्न विद्यालयका विद्यार्थीहरूको विशेष सहभागिता रहेको थियो। महात्मा गान्धी स्मृति प्रतिष्ठानले आयोजना तथा सेभ द हिस्टोरिकल जनकपुरको सहकार्यमा आयोजना गरिएको वृहत सरसफाई कार्यक्रम जनकपुरको भानुचौक देखी शुरू भएर मुर्ली चोकसम्म पुगेको थियो। सरसफाई कार्यक्रमलाई समापन गर्दै मुख्यमन्त्री राउतले मित्रराष्ट्र भारतका राष्ट्रपिता एवं अहिंसावादी आन्दोलनका प्रणेता महात्मा गान्धीको अवसरमा प्रदेशको राजधानी जनकपुरधाममा गरिएको सरसफाई स्वच्छतालाई प्राथमिकतामा राख्ने सन्देश रहेको बताए। उनले प्रदेशको राजधानी मात्र नभई हिन्दु धर्मावलम्बीहरूको आस्थाको केन्द्र समेत रहेको जनकपुरधामलाई सफा र स्वच्छ राख्न स्थानीयवासीलाई आह्वान गर्दै यसले स्वास्थ्यका साथै स्वच्छ जनकपुरको सन्देश चारैतिर फैली धार्मिक पर्यटनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे। उनले भने, 'हामीले मात्र गरेर जनकपुरधाममा सफा र स्वच्छ बनाउन सकिँदैन यसका लागि सबै जनकपुरवासीहरूले आ-आफ्नो ठाँउबाट पहल गर्नु पर्दछ।'

### "ग्रीन तिलोत्तमा : क्लिन तिलोत्तमा"

चन्द्रकान्त खनाल, रूपन्देही। रूपन्देही जिल्लामा रहेका ६ बटा नगरपालिकाभन्दा फरक तरिकाले सबै क्षेत्रमा फड्को मार्दै नमुना बन्दै गएको छ, तिलोत्तमा नगरपालिका। समुदायमा आधारित सरसफाई अभियानदेखि बजेट र जनप्रतिनिधिको तलब, कानुन निर्माणमा अग्रपंतिमा रहेको छ, तिलोत्तमा नगरपालिका। नगरपालिकाले समुदायमा आधारित सरसफाई अभियान सोमबार २५औं श्रृंखलामा पुर्याएको छ। नगरपालिकामा जनप्रतिनिधिहरू आएलगत्तै गत वर्षबाट 'ग्रीन तिलोत्तमा : क्लिन तिलोत्तमा' नाराका साथ सरसफाई र हरियाली प्रवर्द्धन अभियान सुरू भएकानगरपालिकाले जनाएको छ। नगरपालिकाले हरेक महिनाको १ र १५ गते यो अभियान सञ्चालन गर्दै आएको छ। वडा कार्यालय र टोल विकास संस्थाहरूले अन्य दिनहरूमा समेत सरसफाई र हरियाली प्रवर्द्धनका कामहरू गर्दै आएको तिलोत्तमा नगरपालिकाका मेयर बासुदेब घिमिरेले बताए। अहिले सम्म सबै वडामा सरसफाई गरिएको छ। सरसफाई अभियानमा विभिन्न टोल विकास संस्था, सहकारी, खानेपानी उपभोक्ता तथा सरसफाई संस्था, क्लब, आमा समूह, शिक्षणसंस्थालगायत नगरबासीहरूको सहभागिता रहेको छ। सरसफाई अभियन्ताहरूले घरमा उत्पादित फोहोर घरमैं व्यवस्थापन गर्नुपर्नेमा जोड दिँदै सरसफाई अभियानको स्वमित्व सबै व्यक्ति, परिवार र समुदायले लिनुपर्ने मेयरको भनाई छ।

### निकुञ्ज प्रवेशका लागि नयाँ मार्ग

नेपालगञ्ज। बर्दियाको बाँसगढी नगरपालिका–१ चेपाङ क्षेत्रबाट पर्यटकले अब बर्दिया राष्ट्रिय निकुञ्ज प्रवेश गर्न पाउने भएका छन्। कोहलपुर-सुर्खेत सडकखण्डमा पर्ने बबईको चेपाङ क्षेत्रबाट पर्यटकलाई निकुञ्ज प्रवेशका लागि मार्ग खुल्ला गरिएको छ। निकुञ्ज प्रवेशका लागि नयाँ मार्ग खुल्ला गरिएपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि हुने अपेक्षा गरिएको बर्दिया बासगढी नगरपालिका प्रमुख शालिकराम अधिकारीले बताए। यसअघि बर्दियाको ठाकुरद्वारबाट मात्र निकुञ्ज प्रवेश गर्न सकिने व्यवस्था थियो। सो मार्गको हालै प्रदेश नं ५ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लीला गिरीले उद्घाटन गरे। सो अवसरमा मन्त्री गिरीले प्रदेशभित्रका पर्यटकीय क्षेत्रको विकासका लागि प्रदेश सरकारले मुख्य प्राथमिकतामा राखेर निकुञ्जलाई खुल्ला गर्ने रणनीति अवलम्बन गरेको हो बताए।

### नेपाल-भारत सीमा क्षेत्रमा विशेष निगरानी

वीरगञ्ज। नेपालीको महान चाड दशैं, तिहार तथा छठलाई लक्षित गरी पर्सा प्रहरीले नेपाल भारतको सीमा क्षेत्रमा विशेष निगरानीसहित सुरक्षा व्यवस्थामा कडाइ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साले भारतीय सीमा क्षेत्रसँग जोडिएको जिल्लाको इनर्वा सिर्सिया, अलौं, जानकी टोल, भिस्वालगायतका सीमा नाकाका सुरक्षाकर्मीलाई अवाञ्छनीय गतिविधि तथा शङ्कास्पद व्यक्तिमाथि विशेष निगरानी राख्न प्रहरीलाई निर्देशन दिएको पर्साका प्रहरी प्रमुख प्रहरी उपरीक्षक रेवती ढकालले बताए। चाडपर्वको बेला भिडभाड हुने स्थल, आर्थिक कारोबार हुने बैंक, वित्तीय संस्था जस्ता ठाउँमा प्रहरीले विशेष निगरानी राखेको छ। साथै धार्मिकस्थल, भिडभाड हुने ठाउँमा पाकेटमार तथा अन्य अपराध हुनसक्ने सम्भावनालाई दृष्टिगत गरी सुरक्षा व्यवस्था कडा पारिएको बताइएको छ।

### नगरपलिका खुल्ला दिशामुक्त घोषणा

रौतहट। रौतहट जिल्लाको राजपुर नगरपालिका छैठौ खुल्ला दिशामुक्त नगरपालिका घोषणा भएको छ। सोमबार राजपुर नगरपालिकाले आयोजना गरेको खुल्ला दिशामुक्त नगरपालिका घोषणा कार्यक्रममा रौतहट निर्वाचन क्षेत्र नम्बर २ का नेपाली कांग्रेसका प्रतिनिधिसभा सांसद महमद आफताव आलम राष्ट्रिय सरसफाई गुरूयोजना २०६८ अनुसार एक घर एक चर्पीको अवधारण अन्तर्गत नगरपालिकाको सम्पूर्ण घरमा शौचालय निर्माणको कार्य सम्पन्न भई प्रयोगमा आइसकेकोले खुल्ला दिशामुक्त नगरपालिका घोषणा गरेका छन्। प्रमुख अतिथिको आसन्नबाट समारोहलाई सम्बोधन गर्दै सांसद आलमले संघीय सरकारले अनावशयक रूपमा कर लादेर संघीयतालाई धरापमा पार्न खोजेको आरोप लगाएका छन्। उनले असहनीय करको दायरामा नेपाली जनतालाइ ल्याएर दमन गर्न सरकारले खोजेको भने। जिल्ला नमूना बनाउनु पर्ने धारणा राख्दै सरसफाईको क्षेत्रमा आफू पनि सहयोग गर्ने प्रतिवद्धता जनाए। नगरप्रमुख मोहमद शकील अख्तरको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख राम असीस राय यादव, सहायक प्रमुख जिल्ला अधिकार धर्मानन्द जोशी, संघीय प्रेस फोरम नेपाल प्रदेश २ का कोषाध्यक्ष राकेश कुमार यादव सहितका वक्ताहरूले मन्तव्य राखेका थिए।

### "मानव सेवाको भूमिको रूपमा परिणत गर्नुपर्ने"

धनुषा। प्रदेश नं २ का प्रमुख रत्नेश्वरलाल कायस्थले धनुषाको ढल्केवरस्थित पोखरियालाई मानव सेवाको भूमिका रूपमा परिणत गर्नुपर्ने बताएका छन्। धनुषाको मिथिला नगरपालिकाद्वारा वडा नं ७ ढल्केवरस्थित पोखरिया तालमा आयोजित आयुर्वेद गुरू बालकृष्ण आचार्यको अभिनन्दन तथा सम्मान समारोहमा उनले त्यस स्थानमा जडीबुटी उत्पादन, प्रशोधन केन्द्र तथा मानव सेवाका लागि आयुर्वेद अस्पताल जस्ता संरचना स्थापित गर्न खोजेकामा प्रशंसा गर्दै यसमा स्थानीय तथा प्रदेश सरकारले सहयोग गर्नुपर्ने पनि बताए। कार्यक्रममा आचार्य बालकृष्णले भौगोलिक रूपमा प्रदेश नं २ सानो भए पनि जनसङ्ख्याको हिसाबले निकै ठूलो रहेकाले यस प्रदेशलाई समृद्ध बनाउन आफूले पहल गर्ने बताए।

### "अभियुक्तलाई उन्मुक्ति दिने प्रपञ्च गरियो"

दिनेश ठाकुर, नेपालगन्ज। बाँकेको डुडुवा गाउँपालिका वडा नम्बर २ बाबागाउँकी २६ वर्षीया अन्नु वर्माको हत्यालाई मोडेर कमजोर बनाउन खोजिएको आरोप लगाइएको छ। भदौ १४ गते राति हत्या भएको अन्नुका आफन्तले शनिबार नेपालगञ्जमा पत्रकार सम्मेलन गरी यस्तो आरोप लगाएका हुन्। अन्नुको हत्या अभियोगमा सासु धनदेई कुर्मी, देवर वीरेन्द्रकुमार वर्मा र स्थानीय हरिहर प्रसाद तेली हिरासतमै रहेका बेला अन्नुकी भाउजु विन्दुकमारी वर्माले पोष्टमार्टम रिपोर्टमार्फत अभियुक्तलाई उन्मुक्ति दिने प्रपञ्च गरिएको दावी गरिन्। बाँके जिल्ला अदालतमा अन्नु घटनाको मुद्दा दर्ता भई विचाराधीन छ। भदौ १५ गते एकाबिहानै अन्नुका पाँच वर्षीय छोराले मावलीमा फोन गरेर आमा मर्‍यो भनेपछि मात्रै घटनाबारे माइती पक्षलाई जानकारी भएको थियो। अन्नुको शव घरभन्दा बाहिर नालीमा टाउकोमा चोट लागिएको अवस्थामा भेटिएको थियो। पोष्टमार्टममा डा. आकाश वेल्वासले टाउकोमा चोट लागेको र पानीले डुवेर मरेको उल्लेख गरेको भन्दै माइतीपक्षले नालीमा डुवेर मर्ने पानीनै नभएकाले यस्तो रिपोर्ट दबाव या कसैको प्रभावमा बनाइएको गुनासो गरेको छ। पोष्टमार्टम रिपोर्ट शंकास्पद रहेकोले न्याय प्रभावित हुन नुहने आफन्त सुरेन्द्र वर्माले बताए। अन्नुका श्रीमान् वैदेशिक रोजगारीको सिलसिलामा दुबईमा रहेकोमा घटनापछि घर फर्किएका थिए। अन्नुमाथि यसअघि पनि विभिन्न निहुँमा सासुलगायत घरपरिवारबाट कुटपिट भएको माइती पक्षले दावी गरेको छ। सासु धनदेई र गाउँकै तेलीबीच अवैध सम्बन्धबारे जानकारी पाएका कारण अन्नुको हत्या भएको माइती पक्षको आरोप छ।


संसदको अधिवेशन सकियो। मधेशको लागि संबिधान संशोधनको अश्वासन पनि केही महिना सरेको छ। 'पर्ख र हेर' को नीतिले मधेशी पार्टीहरूलाई राहत दिएको छ। जाबो ५ बर्ष त हो। सत्तासीन रहनुको औचित्य रहिरहन्छ। संशोधनका लागि त सरकारमा गएका हुन नि। **जयप्रकाश गुप्ता**


विभिन्न राष्ट्रहरूले आफ्ना महान् नेताको फोटालाई सम्मानस्वरूप देशको मुद्रामा अंकित गरेको छ. भारतमा महात्मा गान्धी, चीनमा चेयरमैन माओ, अमेरिकन डालरमा जार्ज वाशिंगटन लगायतका महत्वपूर्ण व्यक्तित्वहरूको तस्वीर सम्बन्धित देशको मुद्रामा छापिएका छन. नेपालमा पनि प्रजातान्त्रिक योद्धा देखि सर्वहाराको अधिनायकहरू भरमार छन. तर .....? **देवेश झा**


सम्भव भएसम्म कतै विदेश जानु छ भने आफ्नै काठमाडौंकै एअरपोर्टबाट उड्नुस,यदि कुनै कारणले भारतको एअरपोर्टबाट कतै विदेश उड्नुपर्ने बाध्यात्मक अवस्था छ भने आफ्नो भ्रमणसंग सम्बन्धित सम्पूर्ण कागज पत्र,आधार प्रमाण लिएर दुताबासमा निबेदन दिए र "नो-ओब्जेकस्न" पत्र लिएर उड्दा उत्तम हुन्छ। **कृष्णहरि पुष्कर**


अधिकार माग्दा गोली ठोक्ने, सुशासन खोज्दा गोली ठोग्ने, विकास खोज्दा गोली ठोग्ने, यिनीहरू त डाकु नै हुन्। देशको सम्पत्ति बेच्न खोज्दै छन्, राष्ट्रियताको नाटक गरेर नेपाली नेपाली बिच लडएर यो देश नै बेच्न खोज्दैछन्। हत्याराहरूको विरूद्ध लाग्नैपर्छ। **कृष्णा सिंह**


महिला आन्दोलनको मुख्य तीनवटा माग रहेको थियो। पहिचान, प्रतिनिधित्व, पहुँच र नियन्त्रण। तर महिला उपलब्धिको जति ढोल पिटे पनि अहिलेसम्म महिलाको पहिचानलाई स्वीकार्न सकेको छैन। पहुँच र प्रतिनिधित्वको अवस्था पनि अपुरो छ। **रिता साह**


मधेशमा ओलीजीको विरोध, देशको सरकार निर्माणमा ओलीजीलाई समर्थन, कोइराला सरकारको पालामा कोइरालालाई भोट, उता कांग्रेसको विरोधमा मधेशमा समर्थन, प्रदेशमा उपेन्द्र यादवज्यूको हमजोली अनि भाषण गर्दा भने डा. सीके राउतको बोली, पार्टीको नाम र झण्डा प्रभुप्रतिको निष्ठाको प्रमाण, एक दुई जना होइन, छन् यहाँ ६–६ जना नेता महान्। **स्नेहा झा**


नेपालका नागरिक समाज कि भारतीय दलाल छन् कि त युरोपियन कि त अमेरिकन दलाल छन्, राष्ट्रलाई केन्द्रबिन्दुमा राखेर यीनले काम गरेको देखिन्। यी विभिन्न बहनामा राज्यलाई कमजोर बनाउन बाहेक के अरू काम गरेका छन र ? मलाई लाग्दैन, राष्ट्रका लागि यीनले योगदान दिईरहेका छन्। **प्रकाश तिमिल्सिना**


केपी ओलीको रणनीति : कार्यकर्तालाई अरिंगाल बनाउने, जनतालाई मौरी बनाउने र आफू उडुस बन्ने। जनता समृद्धि भनेर मरिमरी काम गर्ने, आफू कर र दस्तुरको नाममा मौरीको मह अर्थात् जनताको रगत चुस्ने, अनि बिरोध गर्नेलाई अरिंगालले डस्ने। **सी.एन खड्का**


घटना एसीडको होस् वा बलात्कारको, पीडित परिवारलाई सरकारले आर्थिक सहयोग उपलब्ध गराउनु सराहनीय कार्य हो। तर, घटनाका दोषिलाई कानूनी कठघरामा उभ्याउने तर्फ पनि सरकारको शक्ति केन्द्रीत हुने हो कि ? **महेश चौरासिया**


ल्न्इ, क्ष्ल्न्इ लाई कडाई गर्नुपर्छ भन्यो भने 'लोकतन्त्र खतरामा पर्छ' भन्नेहरूको ठूलो जमात नेपालमा छ। नेपालमा राजनीतिक दलहरूभन्दा बलियो छ ल्न्इ,क्ष्ल्न्इ ले तयार पारेको जमात। यस्तो जमातलाई 'सिभिल सोसाइटी' अर्थात् नागरिक समाज नाम दिएको छ , जो समाजमा जहर घाल्दैछ ।यस्तो जमातलाई सरकारले तह लगाउन जरूरी छ। **शम्भु साह**

## रामदेवले योगसम्बन्धी विश्वविद्यालय खोल्ने


काठमाडौं। पतञ्जली योगपीठ नेपालले नेपालमा आयूर्वेद तथा योगसम्बन्धी विश्वविद्यालय खोल्ने घोषणा गरेको छ। पतञ्जली योगपीठ नेपालका अध्यक्ष एवम् प्रबन्ध निर्देशक आयुर्वेद शिरोमणि आचार्य बालकृष्णले नेपालमा आयूर्वेद तथा योगसम्बन्धि विश्वविद्यालय स्थापना गर्न लागिएको जानकारी दिए। मण्डिखाटारस्थित केन्द्रिय कार्यालयमा पत्रकार सम्मेलन गरी उनले नेपालमा आयुर्वेद तथा योगसम्बन्धी अध्ययन, अनुसन्धानका लागि विश्वविद्यालय स्थापना गर्नका लागि सम्बन्धित मन्त्रालयसँग छलफल भइसकेको पनि स्पष्ट पारे। त्यसैगरी कम्पनीले खेलप्रति इच्छुक बालबालिकका लागि स्पोर्टस् विद्यालय स्थापना गर्ने घोषणा पनि गरेको छ। प्रतिभाशाली बालबालिकाहरूलाई अघि बढाउन नेपालमा स्पोर्टस् विद्यालय स्थापना गर्ने सोच पनि बनाइएको अध्यक्ष बालकृष्णले बताए। योगगुरू रामेदवको स्वामित्व रहेको पतंजली योगपिठको नेपालस्थित कम्पनी आचार्य बालकृष्णको नेतृत्वमा संचालित छ।

## सञ्चारकर्मी चौधरी सम्मानित


काठमाडौं। राष्ट्रिय सूचना आयोगले काठमाडौंमा महोत्तरी जिल्लाका क्रियाशील पत्रकार राकेश प्रसाद चौधरीलाई 'उत्कृष्ट सूचनाको हकको अभियन्ता'को रूपमा सम्मानित गरेको छ। सूचनाको हकको सर्वव्यापी पहुँचका लागि अन्तर्राष्ट्रिय दिवसको अवसरमा आयोजित विशेष कार्यक्रममा प्रधानन्यायाधीश ओमप्रकाश मिश्रले पत्रकार एवं अभियन्ता चौधरीलाई कदर पत्र र तीस हजार नगदसहित सम्मानित गरेका हुन्। विशेष कार्यक्रममा आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटा, आयुक्त यशोदादेवी तिम्सिना, लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीसहितको मुख्य अतिथिहरूको उपस्थिती थियो। चौधरीसँगै सो विशेष अवसरमा अन्य छ जना सूचनाको हकको अभियन्ता एवं चारजना सूचना अधिकारीहरूलाई समेत कदरपत्र एवं नगदसहित सम्मानित गरिएको हो। सञ्चारकर्मी चौधरीलाई यसअभन्दा पहिला पनि राष्ट्रिय सूचना आयोगले दुई पटक सम्मानित गरिसकेको छ।

# "गान्धी विचार सान्दर्भिक"




काठमाडौं। उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले अहिंसाका प्रवर्त्तक महात्मा गान्धीको विचार अग्रगति र प्रगतिका लागि सान्दर्भिक रहेको बताएका छन्। गान्धीको १५०औं जन्मजयन्ती तथा आहिंसा दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले गान्धीको विचार राजनीतिक दर्शन मात्र नभएर आजको विश्व मानवका लागि जीवन पद्धतिका रूपमा विकास भएको बताए। गान्धी सम्पूर्ण विश्वका अहिंसा र शान्तिका पक्षधर व्यक्तिको नेताका रूपमा रहेको बताउँदै उपप्रधानमन्त्री पोखरेलले भने, "गान्धी केवल भारतको मात्र होइन, शान्ति र अहिंसाको पक्षमा रहेका विश्व मानव समुदायको नेता हुनुहुन्छ।"

नेपालको परराष्ट्र नीति संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्न नीति, पञ्चशीलको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानून र प्रचलनमार्फत विश्व शान्तिमा आधारित भएको बताउँदै उनले गान्धीको शान्ति र अहिंसाको विचारसँग नेपालको परराष्ट्र नीतिका आधारभूत भावना मेल खान्छन् भने।

शान्तिपूर्ण सङ्घर्षबाट आर्जित शक्तिले विश्वमा स्वतन्त्रता, न्याय र आत्मसम्मानको आन्दोलनमा ठूलो भूमिका खेलेको उल्लेख गर्दै रक्षामन्त्री पोखरेलले शान्तिका पक्षमा उभिने विश्वका नेतामध्ये नेल्सन मण्डेला र मार्टिन लुथर किङ गान्धीको विचार र व्यवहारबाट प्रभावित भएको उनको भनाइ थियो।

कार्यक्रममा नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पुरीले गान्धीले विश्व समुदायलाई दिएको अहिंसा र शान्तिको विचारका कारण विश्वमा भारतको उचाइ बढेको बताए। सो अवसरमा गान्धीको जीवनदर्शनसँग सम्बन्धी प्रदर्शनी र गान्धी भजन प्रस्तुत गरिएको थियो।

## नेपाल-भारत सुरक्षा मामलाको पुस्तक विमोचन



काठमाडौं। नेपाल-भारत सम्बन्ध, प्रतिरक्षा र सुरक्षा मामलाको पुस्तक सार्वजनिक भएको छ। मन्त्रिपरिषदका पूर्व अध्यक्ष खिलराज रेग्मीले पुस्तक विमोचन गरेका हुन्।

नीति अनुसन्धान प्रतिष्ठान नेपालले गत वर्ष भारत उत्तराखण्डको देहरादूनमा नेपाल र भारतका सुरक्षा मामलाका जानकारहरूलाई भेला गरी आयोजना गरेको दुई दिने गोष्ठीमा प्रस्तुत गरिएका कार्यपत्र र प्रवचन समेटिएको पुस्तकको सम्पादन डा. दीपककुमार अधिकारी र डा. टीकाराम पौडेलले गरेका हुन्।

पुस्तकमा पूर्व प्रधानसेनापति गौरव शमशेर राणा, नेपाल प्रहरीका पूर्व आइजीपी ध्रुवबहादुर प्रधान, सशस्त्र प्रहरीका पूर्व आइजीपी किशोर लामा, सीमाविद् बुद्धिनारायण श्रेष्ठ, नेपालका लागि भारतका पूर्व राजदूत रञ्जीत रे, सुरक्षाविद् जनरल अशोक मेहतालगायतको अनुसन्धानमूलक लेख तथा प्रवचन समावेश गरिएको छ। पुस्तकले नेपाल-भारतबीच विद्यमान सुरक्षा मामलामा सम्बन्ध र समस्यालाई उजागर गर्दै सुझाव समेत प्रस्तुत गरिएको छ। पुस्तक विमोचन कार्यक्रममा नेपालका लागि भारतका कार्यवाहक राजदूत डा. अजयकुमार, पूर्व प्रधानसेनापतिहरू, पूर्व आइजीपीहरूका अलावा सुरक्षा मामलाका जानकारहरूको उपस्थिति थियो।

पुस्तक विमोचन समाहरोहमा बोल्दै पूर्व मन्त्रिपरिषद्का अध्यक्ष रेग्मीले सुरक्षा र सम्बन्ध विश्वासका आधारमा मजबुत हुने भन्दै दुई देशबीचको आपसी सम्बन्ध सुमधुर बनाउन विश्वासको वातावरण निर्माण गर्नुपर्ने बताए।

नेपालका लागि भारतका कार्यवाहक राजदूत डा. अजयकुमारले पुस्तकले सुरक्षा नीति बनाउन सुझाव दिएकोमा खुशी व्यक्त गरे। दुई देशबीच सुरक्षा सम्बन्धी नीति बनाउन पुस्तक सहयोगी बन्ने विश्वास व्यक्त गर्दै सुझावलाई समेटेर जानुपर्ने बताए। कतिपय विषयमा गलत व्याख्या हुँदा समस्या आउने गरेकोतर्फ सबै सचेत र सजग हुनुपर्नेमा उनको जोड थियो।

## जलमार्गको सम्भाव्यता दुई महिनामा टुगिंने

काठमाडौं। अबको दुई महिनामा नेपालका प्रमुख नदीहरू कोसी र नारायणीमा जलमार्ग सञ्चालनका कठिनाइ र पानीजहाजको भार क्षमताको टुंगो लाग्ने भएको छ। दुई महिनाभित्र तयार हुने जलमार्गसम्बन्धी सम्भाव्यता अध्ययन प्रतिवेदनले यी विषय टुंगो लगाउने भएको हो। नेपालको एक टोलीले भारतको 'इनल्यान्ड वाटर अथोरिटी' ले कोसीको हनुमानगर र गण्डकको वाल्मीकि नगरसम्म पानीजहाज सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिरहेको छ। हाल अध्ययनका लागि एक टोलीले भारतमा अध्ययन गरिरहेको छ। नेपालमा जलमार्ग सञ्चालनका लागि गठित प्राविधिक टोलीका प्रमुख, जल तथा शक्ति आयोगका सह-सचिव माधव बेल्बासेका अनुसार भारतीय पक्षले आगामी दुई महिनाभित्र प्रतिवदेन तयार भइसक्ने जानकारी गराएको छ।

## भारतीय पर्यटकलाई सम्मान

काठमाडौं। नेपालको पूर्वी नाकाबाट नेपाल प्रवेश गरेका पहिलो तीन जना भारतीय पर्यटकलाई काँकडभिट्टामा सम्मान गरिएको छ। विश्व पर्यटन दिवसको उपलक्ष्यमा पर्यटन कार्यालय काँकडभिट्टाले उनीहरूलाईसम्मान गरेको हो। अध्यागमन कार्यालय काँकडभिट्टाका अनुसार सम्मानित भएका पर्यटकमा थाइल्याण्डका अरूनमेन उदनान र चाचना सिनपुरू रहेका छन् भने भारतको आसामका रञ्जन कश्यप रहेका छन्। उनीहरूलाई सम्मानस्वरूप झापाका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले खादा र अबीर लगाका थिए। भारतको गुवाहाटीस्थित आसाम डाउन टाउन युनिभर्सिटीका अन्तर्राष्ट्रिय विभागका प्रमुखसमेत रहनुभएका भारतीय पर्यटक रञ्जन कश्यपले काठमाडौंमा पशुपतिनाथको दर्शन गर्ने चाहना राखेर नेपाल आएको बताए।

## आर्थिक समाचार

### दशैंमा आइएमई पेको स्किम

काठमाडौं। आइएमई ग्रुप अन्तर्गत संचालित 'आइएमई डिजिटल' द्वारा प्रवर्द्धित 'आइएमई पे' ले दशैंमा आफन्तसँगको भेटघाटलाई सुलभ र सहज तुल्याउन हवाई टिकट स्किम सार्वजनिक गरेको छ। उक्त स्किम अन्तर्गत बुद्ध, यती, तारा, सौर्य, श्री र सिम्रिक एयरलाइन्समा नेपालभरका विभिन्न गन्तव्यका लागि आइएमई पे बाट टिकट खरिद गर्ने यात्रु महानुभावहरूमध्ये प्रत्येक दिन ६ (छ) जना भाग्यशाली विजेताले रू. दश (१०) वाहेकको अन्य हवाई शूल्क उपहार स्वरूप 'आइएमई पे' वालेटमै फिर्ता पाउनुहुनेछ। यो योजना २०७५ साल असोज १७ गतेदेखि ३१ गतेसम्म गरी जम्मा १८ (अठार) दिन कायम हुनेछ।

### बससेवा ट्राभल एण्ड टुरसँग सम्झौता

काठमाडौं। बससेवा ट्रावल एण्ड टुर प्रा. लि. अन्तर्गतका सेवाग्राहीहरूले आफूले प्रयोग गरेको यात्राको सेवा शूल्क अबदेखि 'आइएमई पे' मार्फत भुक्तान गर्न सक्ने व्यवस्था मिलाइएको छ। बससेवा ट्रावल एण्ड टुर मार्फत सम्पर्कमा आएका यात्रु एवम् चालकहरूले कुनै पनि आइएमईका व्यावसायिक साझेदार वा 'आइएमई पे' बाट सेवा शूल्क संकलन तथा भुक्तान गर्न सक्नेछन्। यस व्यवस्थासँगै नजीकदै गरेको नेपालीहरूको महान पर्व दशैंमा आवतजावत गर्ने यात्रुहरूलाई सहज हुने विश्वास राखिएको छ। सम्झौता पत्रमा 'आइएमई पे' का तर्फबाट प्रमुख संचालन अधिकृत डेनियल डी श्रेष्ठ र बससेवा ट्रावल एण्ड टुर का तर्फबाट अध्यक्ष पर्शुराम खनालले हस्ताक्षर गरेका छन्।

### "स्टार हम्बल हिरो"मा सन्दीप

काठमाडौं। एनसेल प्राईभेट लिमिटेडले बिहीबार नेपाललाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गर्ववान्वित बनाएका क्रिकेटर सन्दिप लामिछानेलाई आफ्नो 'स्टार हम्बल हिरो'मा दुई बर्षका लागि आबद्ध गरेको छ। 'स्टार हम्बल हिरो' कार्यक्रम एनसेलले आफ्नो सपनाप्रति प्रतिबद्ध रहँदै आफ्ना वरिपरिका सबैलाई उत्प्रेरित गरिरहेका, आफुलाई उत्कृष्ट बनाउन तथा आफ्नो समुदाय र देशलाई गर्ववान्वित बनाउने कार्य गरिरहेका प्रतिभाशाली व्यक्तित्वको सम्मान गर्दै रचनात्मक योगदान पुऱ्याउने उद्देश्य लिई तयार पारेको हो। यो पहल एनसेलले आफ्नो ब्राण्डको सार 'आज, भोलि, सधै सँगै' अनुरूप तयार गरिएको हो। यसमा कम्पनीले निस्वार्थ भावनाका साथ दैनिकरूपमा देश र जनताका लागि अद्भुत कार्यहरू गर्दै नेपाललाई गौरवशाली राष्ट्र बनाउन योगदान पुर्याउने प्रेरणादायी तथा प्रतिभाशाली व्यक्तित्वहरूलाई आबद्ध गर्दै जानेछ। एनसेलले आफ्नो स्टार हम्बल हिरो अभियानको घोषणा बिहिवार एक कार्यक्रम माझ गरेको हो। कार्यक्रम सिफल स्थित बाल मन्दिरको बाल संरक्षण गृहको परिसरमा भएको थियो। त्यहाँ सन्दिपले बाल मन्दिरका बालबालिकाहरूलाई सम्बोधन गर्दै, उनीहरूसँग कुराकानी गर्दै उनीहरूलाई हौस्याएका थिए। बालबालिकाहरूले सन्दिपसँग क्रिकेट खेल्दै रमाइलो गरेका थिए।







## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा **मधेशवाणी**मा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ।

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं